नेपालको पहिलो बौद्ध मासिक
# आनन्द भूमि

२०६५ श्रावण पूर्णिमा वर्ष ३६ अंक ४
बु.सं. २५५२ ने.सं. ११२८

**The Ananda Bhoomi (Year 36, Vol. 4)**
**A Buddhist Monthly : Aug/Sep 2008**

*प्रमुख सल्लाहकार:*
भिक्षु कुमार काश्यप महास्थविर (अध्यक्ष, आ.कु.वि.गुठी)

*सल्लाहकार:*
भिक्षु धर्ममूर्ति (सचिव, आ.कु.वि.गुठी)

*व्यवस्थापकहरू:*
भिक्षु अस्सजि, भिक्षु पियदस्सी
आनन्द कुटी विहार, ४२७१४२०

*व्यवस्थापन सहयोगी:*
जोतिक, मिलन, सुमेध
जुजुभाई तुलाधर (कालोपुल), संघरत्न शाक्य (फसिकेब)

*आवरण सज्जा:*
फल समान शाक्य, उकुबहाल (यतालिवि)

*वितरक*
अरुण, उर्मिला

*लेखा व्यवस्थापन:*
भिक्षु प्रज्ञारत्न, सुरेश महर्जन, स्वयम्भू

*सम्पादन सहयोगी:*
जनक
शान्तिवन, गोदावरी

*सम्पादक/ प्रकाशन संयोजक:*
कोण्डन्य
बुद्ध विहार भृकुटीमण्डप, ४२२६७०२

*वितरणार्थ सहयोगीहरू:*
बुद्धजयन्ती समारोह समिति (श्रीघ:), भिक्षु मैत्री महास्थविर (लुम्बिनी), भिक्षु बोधिज्ञान, भिक्षु पदुम, भिक्षु मिलिन्दो, श्रामणेर कुमारजीव, हरिगोपाल महर्जन, श्रामणेर उदेन, अ. इन्द्रावती, सत्यना शाक्य, सुश्री वीणा कंसाकार, सुश्री शकुन्तला प्रधान, श्रीमती केशरी बज्राचार्य, शाक्य वाच शप-बनेपा, सुवर्णमुनि शाक्य (भैरहवा), नरेश वज्राचार्य, विद्यादेवी शाक्य (बुटवल), याम शाक्य (वेणी), सर्जु वज्राचार्य (पाल्पा), उत्तममान बुद्धाचार्य (पोखरा), कृष्णप्रसाद शाक्य (बागलुङ्ग), विजय गुरुङ्ग (लमजुङ्ग), शेखर शाक्य (नारायणगढ)।

*मुद्रण:*
सुप्रवाह प्रकाशन प्रा. लि. - ४२८०६१४, ४२७३९८३

*प्रकाशक:*
आनन्दकुटी विहार गुठी
आनन्द कुटी विहार, स्वयम्भू, फोन: ४२७१४२०

*का.जि.द.नं. ३४/०३४/०३५/म.क्षे.हु.नि.द.नं. ७/०६१/६२*

## बुद्धवचनामृत



अभित्थरेथ कल्याणे पापा चित्तं निवारये ।
दन्धं हि करोतो पुञ्ञं पापस्मिं रमती मनो ॥

सक्दो चाँडै चाँडै नै कुशल कर्महरू सम्पादन गर । अकुशल पापकर्मबाट चित्तलाई हटाउ । ढिलो गरी कुशल पुण्य गर्दा अकुशल क्षेत्रमा मन आसक्त हुन सक्दछ ।

उट्ठानवतो सतिमतो सुचिकम्मस्स निसम्मकारिनो ।
सञ्ञतस्स च धम्मजीविनो अप्पमत्तस्स यसोभि वड्ढति ।

सदा उद्योगी, स्मृतिवान भएर राम्ररी असल काम गर्नेको, इन्द्रिय संयम गरी, धर्मपूर्वक जीविका गरी अप्रमादी हुनेहरूको यश प्रशंसा वृद्धि हुन्छ ।

-धम्मपद

सम्पर्क कार्यालय
आनन्द भूमि
आनन्द कुटी विहार गुठी, पो.ब.नं. ३००७, काठमाडौं ।
फोनः ४२७१४२०
E-mail : anandakutivihar@ntc.net.np

वार्षिक रू १५०/- एकप्रति रू १५/- वार्षिक ग्राहक बनी सहयोग गरौं

गताङ्कमा प्रकाशित

पाप कर्म कहिल्यै नगर्नु ।
पुण्य गर्दै जानु ।
आफ्नो (मन) चित्तलाई शुद्ध गर्नु
यहि नै बुद्धको उपदेश हो ।

VISHWA MOTOR TRADERS
Putalisadak, Kathmandu Tel . 4225625 / 4244173

बिश्व मोटर ट्रेडर्स
ख–२,४०८, पुतलिसडक, काठमाडौं, नेपाल ।
फोन नं: ४२२५६२५, ४२४४१७३, फायक्स: ४२२१८५५
ईमेल: vmtautoparts@wlink.com.np

टोयोटा, मित्सुबिसि, निशान, इसुजु, सुजुकि इत्यादि
गाडिका पार्टस्हरु को लागि सम्पर्क गर्नुहोस् ।

# विषय–सूचि

# सम्पादकीय

## आसक्तिले शान्ति खलबलिन्छ



मानव जीवन जीवन्त रूपमा त्यतिबेलासम्म निरन्तर यात्रामय तरहमा अगाडि बढिरहेकै हुन्छ, जतिबेलासम्म उसमा चेतना विद्यमान रहिरहने हुन्छ। अर्को अर्थमा मानव जीवनभित्र जतिबेलासम्म श्वास-प्रश्वास प्रकृयाले निरन्तरता पाइरहेको हुन्छ, रक्तसंचार प्रणालीले स्वचालित तरहमा चर्या गरिरहेको हुन्छ, त्यतिबेलासम्म हामी बाँचिरहेका हुन्छौं, चेतनशील रूपमा विद्यमान हुन्छौं। जीवन जीवन्त भएर गन्तव्यतिर उन्मुखरत नै रहन्छ। बरु सफलता प्राप्ति र असफलता प्राप्तिमा भिन्नता हुनसक्छ, शान्ति प्राप्ति र अशान्ति व्याप्तिमा अन्तरता हुनसक्छ, धन कुबेर हुनु वा गल्ली सडकमा भौंतारिने खाते हुनसक्छ, प्रतिष्ठित व्यक्तित्व वा सर्वत्र निन्दित-आतंककारी हुनसक्छ, शुद्ध-त्यागी वा अशुद्ध-भोगी हुनसक्छ, राजा वा रंक हुनसक्छ, शासक वा शासित हुन्छ, यानि की मानव वा दानव, मानव अधिकारवादी-व्यवहारतः वा मानव अधिकार हननवादी, समस्तमा भन्नुपर्दा शान्त वा अशान्त कुनै न कुनै रूपमा जो कोही अगाडि बढिरहेकै हुन्छ।

जुनसुकै रूप-स्वरूपमा भएपनि अगाडि बढ्नु जीवनको स्वभाव हो, यदि हामीले यथार्थतालाई साक्षीभावले विचार-चिन्तन गर्ने हो भने। स्वभावजन्य कुराहरू भलै परिवर्तित रूपमा किन नहोस्, एकपछि अर्को गर्दै अगाडि त बढिरहने नै हुन्छ। मृत्युको घडी नआउन्जेल यात्रामय रूपमा किन नहोस् जीवन जीवन्तभई अगाडि बढिरहन्छ, रोक्नु वा ठप्प हुनुमा जीवनको अन्त्य हुन्छ वा जीवन्ततालाई त्यागी मृत्यु-मरणलाई वरण गर्नुभै आत्मसात गरेको घडी हुन्छ। नमरुन्जेल मानिसलाई के हुनु छैन र ? के प्राप्त गर्न मन लाग्दैन र ? प्राप्तिकै नाममा मानवले के गर्न पो छोडेको छ ? शान्ति र आध्यात्मिक चिन्तनको विकासका लागि मानवले जस्तो कडा परिश्रमण र जीवन उत्सर्ग गर्ने अरु कुन प्राणी छ र ? यसरी नै भौतिक विकास, अराजकता, आतंकवाद, मानव समुदायकै लागि इतिहासमा कलंकितपूर्ण अमानवीय-निकृष्ट विधि व्यवहार गर्नमा पनि स्वयं मानव नै चरमचुलीमा रहेको देखिन्छ। बुद्धभाषामा भन्नुपर्दा आखिर यी सब मानवले तृष्णाजन्य कुरालाई व्यवस्थित एवं नियन्त्रित रूपमा अगाडि बढाउने वा सही उपभोग गर्न नसक्नाले नै भइरहेका हुन्।

धम्मपदअनुसार कुनैपनि वृत्ति प्रथमतः मानव मन-मस्तिष्कमा उत्पन्न हुन्छ, त्यसैले मन नै सबै प्रवृत्तिको निर्माता हो, जसअनुरूप मनले नकारात्मकप्रति मोह-मूढित, राग-रंजित एवं द्वेष-दूषित तरहमा अगाडि बढिरहने हुन्छ। यतिबेला हामी दोषयुक्त मनले बोल्छौं वा कुनै क्रिया-कर्म गर्छौं भने दुःखले ठीक त्यसरी अनुसरण गर्छ की जसरी भारयुक्त बैलगाडाको चक्का (पांग्रा) ले उसलाई पछ्याइ रहेको हुन्छ। विडम्बना त्यो भारयुक्त चक्काको बारेमा मानवलाई सोच-विचार गर्ने फुर्सद नै हुँदैन, कसैले औंल्याइदिए पनि मेरो गोरुको मोल बाह्रै टक्का भन्नेसरी लिंडेढिपिमा अडिग रहने दुर्भावनायुक्त प्रवृत्ति हावी भइराख्दछ। वस्तुतः यो वृत्तिले अन्ततः मानवलाई दुःखित एवं अशान्त नै तुल्याइदिने हुन्छ।

जीवन निर्वाहका लागि आधारभूत आवश्यकता परिपूर्तिका खातिर मानवको प्रयास हुनु नितान्त आवश्यक छ, तर आध्यात्मिक सोच अनुरूप सामान्य आवश्यकता पूर्तिगर्ने जुन चाहना-लगाव हुन्छ, त्यो प्राप्तार्थ जुन तरहले मानव-मस्तिष्कमा तीब्र उत्तेजना सिर्जना हुन्छ, त्यसलाई तृष्णा नै भनिन्छ। भलै हामी साधारण प्यासमा तृष्णा छैन भनौंला, तर तीब्र प्यासमा जुन व्याकुलता छाएको हुन्छ, त्यस प्रकारको व्याकुलता साधारण वा सामान्य प्यासमा हुँदैन। त्यसैले तृष्णा र आसक्तिलाई समानार्थी रूपमा परिभाषित गरिन्छ। आसक्ति र तृष्णा जति गहिरो र कडा हुन्छ, त्यति नै दुःख पनि गहिरो हुन्छ, यसै प्रकृया दुःखको मूल कारण बन्दछ। मानव जीवन-पात्रमा भरिएको मधुर अपितु मादक विष हो- तृष्णा। यसलाई नबुझिंदा हामीले स्वाभाविक प्रकृयालाई समेत भुल्ने हुन्छौं र त अष्टलोक धर्मलाई पनि सरासर बिर्सिने गर्छौं।

सुख-दुःख, एश-अपएश, निन्दा-प्रशंसा, लाभ-अलाभ यी प्रकृया चक्रिय पद्धतिअनुरूप परिवर्तित तरहमा तरङ्गित भइराख्ने हुन्छ, जसरी प्रकृतिले प्राकृतिक तरङ्गमय रूपमा छलाङ्ग मारिरहेको हुन्छ, त्यसरी नै कहिले घाम त कहिले पानी, कहिले दिन त कहिले रात, सफलतासँगै असफलाता, विकाससँगै विनाश, जीवनसँग मृत्यु झै एकाबद्ध रूपमा अगाडि बढिरहने हुन्छ। यसमा कसैले एकरूपताको निरन्तरताका लागि चाहे सत्ता र शक्तिको प्रयोग-दुरुपयोग गरेरै किन नहोस्, लाद्ने, दबाउने, मुख थुन्ने, वैचारिकतामा ताला लगाउने, मै हुँ, ममा सबैको समर्थन छ भन्नाको खातिर मान, मर्यादा, सम्मान, अभिनन्दन, स्तुतीमय कृयाकलाप गर्ने-गराउने जस्ता धृष्टतापूर्ण चेष्टा गरेतापनि आफैभित्र परिवर्तनमुखी भाव सिर्जना हुनगई विराट परिवर्तन हुने हुन्छ, तर मानव दुर्गुणता गजबको हुँदोरहेछ की फुस्रो मानमर्यादा जुन सत्ता र शक्तिको आडमा अगाडि बढिरहेको हुन्छ, त्यसलाई निरन्तरता दिन उ जे पनि गर्न तयार हुन्छ भने उसका आसेपासेहरू पनि त्यसै वृत्तलाई घुमाउने चक्करमा लाग्नाले सत्तासीन त्यो व्यक्तिलाई धरापमा पार्न सफल हुने गर्दछ। परिणामतः उसले विगतलाई बिर्सेर भविष्यलाई वास्ता नगरी वर्तमान आफनो स्वार्थजन्य आसक्ततायुक्त सत्तामोहले मूढित भई त्यसलाई जोगाउन उसले नकारात्मक रागले रंजित एवं द्वेषले दूषितभई जुन प्रकृया अपनाउने हुन्छ अन्ततः त्यसको परिणाम भयावह हुन्छ भने यस्को प्रभाव जताततै छचल्किने हुन्छ। यतिबेला सत्ता लोलूपातायुक्त मानमत्ता कति भयंकर र खतरानाक हुन्छ भन्ने सावित हुन्छ। यथार्थतः आज मानमत्ता-सत्तामत्ता खतरानाक रोग सावित भएको स्वयंसिद्ध तथ्य हो। यस रोग गल्ली-सडकदेखि दरवार-महल, धर्म, समाज, राजनीति, भाषा, संस्कृति, भेषभूषा अन्तर्गत यत्रतत्र सर्वत्र भाइरस व्याप्त हुनेझैं संक्रमण भइरहेको कुरालाई कसरी नकार्ने ?

आसक्त वा तृष्णा चिलाउने खटिरा हुन्। जस्लाई चिलाउँदै जाँदा आनन्दप्राप्तिसँगै घाउ बढाउने कार्य हुन्छ। आसक्ति प्यास हो, जुन मेटाएर मेटिंदैन बरु भूखमा परिणत हुँदैजान्छ। तृष्णा घाउको पीप हो, जुन पीपको व्याप्तिसँगै विष फैलिने हुन्छ। आसक्ति त्यस्तो हुन्छ जुन विशाल क्षितिजलाई छुन्छु- समाउंछु भनेर दौडिरहेको हुन्छ, परन्तु यसको अन्त नहुने हुँदा जतिसुकै वेग र गतिमा दौडिंदै गएतापनि क्षितिज र हामीबीचको अन्तरता जस्ताकोतस्तै रहिरहने हुन्छ। यावत् तृष्णाजन्य वा आसक्तिजन्य कुरालाई आज प्रत्येक व्यक्ति चाहे धार्मिक, सामाजिक, राजनैतिक वा राजा-महाराजा त्यागी, भोगी, खाते नै किन नहोस् सबैले सजग र सतर्कता अपनाउनै पर्ने हुन्छ, यसैमा सबैले सुख र शान्तिमय तवरमा श्वास फेर्नसक्ने हुन्छ, यसो भन्दा अत्युक्ति होला र ?!



# बुद्ध

● दि. भिक्षु अमृतानन्द महास्थविर

प्रस्तुतलेख २५२४ सौ बुद्ध जयन्तीको साप्ताहिक कार्यक्रममा रेडियो नेपाल बाट प्राचारित भएको थियो । -सम्पादक



बुद्ध भन्ने शब्द सुन्ने बित्तिकै विभन्न मानिसहरुले विभिन्न प्रकारले उक्त शब्दको अर्थ बुझ्न सक्छन् । बुद्ध भन्ने शब्द सुन्ने बित्तिकै बिभिन्न देशका बौद्धहरुको दिमागमा शाक्यमुनि बुद्ध, आदिबुद्ध तथा अभिताभ बुद्ध आदिको चित्रण चित्रित हुन्छ ।

साच्चै भन्ने हो भने बुद्ध भनेको कुनै व्यक्ति होइन । न त यो कुनै व्यक्तिको आमा बाबुले दिएको नाम हो । पालि मागधी भाषानुसार 'बुद्ध' शब्द 'बुध बोधने' भन्ने धातु बाट बनेको हो । अतः यो गुणवाचक शब्द हो । अर्थात् जसले बोधगर्ने कामगर्छ उसलाई बुद्ध भनिन्छ । खासगरी बुद्ध भनी साधारणतया गौतमबुद्ध आदि बुद्धत्व प्राप्त गरेका महापुरुषहरुको नाम भए तापनि जुनसुकै मानिस पनि बुद्ध बन्न सक्छन् । बोधकार्य सुसम्पन्न गर्ने सबै मानिसहरुलाई 'बुद्ध' बन्न सकिन्छ ।

बुद्धधर्म अनुसार चतुरार्य सत्यलाई अवबोध गर्नेलाई 'बुद्ध' भनिन्छ । गौतम बुद्धले बुद्ध भन्ने नाम पाएको यही चार सत्यलाई यस युगका मानिसहरुमध्येमा सबभन्दा पहिले बोधगर्नु भएको हुनाले वहालाई 'बुद्ध' भनिएको हो । जबसम्म यी चार सत्यलाई सत्यको रूपमा अवबोध गर्नु भएको थिएन तब सम्म वहाँले न आफूलाई बुद्ध भन्नु भयो न त अर्काले वहाँलाई बुद्ध नै भने

दुःख सत्य, समुदय सत्य, निरोध सत्य र मार्ग सत्यलाई चतुरार्यसत्य भनिएको हो ।

दुःख भन्ने कुरा सबैलाई थाहा नै छ । तर यसलाई दर्शनको रुपमा अथवा सत्यको रुपमा यस यूगका कुनै पनि महापुरुषले घोषणा गरेका थिएनन् । २५६९ बर्ष अगाडि गौतम बुद्धले नै यसलाई सर्ब प्रथम दर्शनको रुपमा अथवा सत्यको रुपमा घोषणा गरेको थियो । अतः या वहाँको आफ्नै मौलिकता हो । वहाँले यस साधाराण तत्वलाई औंल्याई सत्यको रुपमा घोषणा गर्नाको कारण स्वर्ग, नर्क, तिर्यक तथा मनुष्यादि जुनसुकै लोकमा जन्मेका प्राणीरुलाई जन्म, जरा तथा मरण दुःखले छाडेको हुन्न बरु दुःखै दुःखले भरिएको हुन्छ ।

दुःख शब्दको परिभाषा गर्ने हो भने-आफूले चिताएको जस्तो नपाउनु वा चिताएको जस्तो नहुनु नै दुःख हो । जन्मने प्राणीहरु शाशत्व भएर रहन पाए हुन्थ्यो भन्ने कामना गर्छन । तर त्यस्तो हुन सक्दैन । जन्मिने प्राणीहरू आफ्नो प्रिय बस्तु संग कहिले विमुख हुन नपरोस् भन्ने चाहन्छन् ।  तर त्यस्तो हुन सक्दैन । आखिरमा आफ्ना इन्द्रियहरु पनि आफूले चाहे बमोजिम आफ्नो ईच्छा अनुसार रहन्नन् । ओहो ! यो मेरो सौन्दर्य शरीर कहिले पनि जरा जिर्ण नभई नित्य तथा ध्रुब रहे हुन्थ्यो भन्ने ईच्छा प्राणीमा हुन्छ तर त्यो पुरा हुन सक्तैन । चाहे यो आध्यात्मिक होस् या भौतिक नित्यता र ध्रुबताको ईच्छा गर्दागर्दै पनि अध्रुब र अनित्य भएर नै जान्छ । यसले गर्दा मनमा असन्तोष भई दुःख अनुभव हुन्छ । यस्तै यस्ता कारणहरूलाई आफुले चित्ताएको जस्तो नपाउनु भनी भनिएको हो । यो अनित्य स्वभावलाई कसैलेपनि नित्य तथा ध्रुव बनाउन सक्दैन । बरू अनित्यता नै  ध्रुव तथा नित्य शाश्वतको रूपमा देखा पर्न आउँछ र वास्तवमा यहिनै यथार्थ सत्य ठहरिन आउँछ ।

अनित्यताको कारणले नै दुःखको अनुभव हुन्छ । यो सबैले प्रत्यक्ष रूपमा देख्न र अनुभव गर्ने सक्ने तत्व हो । अनित्यताले गर्दा नै दुःख असन्तोष पीडा तथा सन्ताप आदिको अनुभव हुन्छ । यस दुःख सत्यलाई सत्यको रूपमा देखाउनु भई भगवान् बुद्धले प्राणीहरूलाई हतोत्साहित वा निरास बनाउनु भएको होइन । हो, दुःखको मात्र कुरा सुनाई त्यसलाई मुक्त हुने मार्गको कुरा न बताइ दिनु भएको भए सांच्चैनै प्राणीहरू दुःखको मात्र कुरा सुनी निराश हुने, थिए होलान् । तर वहांले दुःखको मात्र कुरा नऔंल्याई त्यसबाट तारण हुने उपायको कुरा पनि औंल्याई त्यसबाट तारण हुने उपायको कुरा पनि औंल्याइ देखाइदिनु भएको छ । दुःखको कुरा जुनसुकै मानिसले पनि तुरन्तै देख्न सक्ने र बुझ्न सक्ने भएको हुनाले चतुरार्यसत्यमा सर्वप्रथम दुःखसत्यको कुरा दर्शाइएको हो ।

जस्तै कुनै चिकित्सकले सर्वप्रथम रोगीलाई हेर्छ अनि

पछि  रोगको निदान पत्तो लगाउने कोसिस गरी रोगको निदान पत्ता लगाउंछ। रोगको निदान पत्ता लागिसकेपछि त्यसबाट मुक्त गराउने उपाय सोची तदनुरूप औषधी दिई रोगबाट मुक्त गराइ दिन्छ । त्यसैगरी शाक्यमुनि बुद्धले पनि सर्वप्रथम दुःखलाई देख्नु भयो र देखाउनु भयो। अनि त्यसको निदान अथवा मूल कारण 'तृष्णा' हो भन्ने अवबोधगरी त्यसलाई पनि बताउनु भयो । जब कुनै मानिस दुःखको निदान अथवा मूल कारण तृष्णा हो भन्ने थाहा पाउँछ तब सो बुद्धिमानी  पुरुषलाई स्वतः यो पनि ज्ञान हुन्छ कि दुःखको कारणलाई हटाइदिएको खण्डमा त्यसबाट हुने दुःख र पीडा स्वतः निरुद्ध हुन सक्छ। जब यस्तो ज्ञान हुन्छ तब उसमा त्यसो भए कुन उपायद्वारा यो निदानलाई हटाउन पर्ला भन्ने जिज्ञासा हुन्छ। त्यसपछि उसले सो उपाय पत्तो लगाउने तिर खोजि गर्छ। खोजि गर्नेले कुनै न कुनै दिन उपाय  पत्ता लगाइ छाड्छ। यो उपायलाई अष्ठाङ्गिकमार्ग भनिन्छ।

यस्तैगरी शाक्यमुनि बुद्धले जब दुःखलाई ध्रुव  सत्यको रूपमा देख्नुभयो तब वहांले दुःखको मूल कारण भएको  तृष्णाको पनि पत्ता लगाउनु भयो ॥ यद्यापि यी दुवै कारणहरू यसै लोकमा वा यसै जीवनमा विद्यमान छन् । तथापि यसलाई सत्यको रूपमा  यस युगका कुनै पनि पुरुषले देख्नु सकेका थिएनन् र बताएका पनि थिएनन्। अतएव यो बुद्धको आफ्नै मौलिकता हो। त्यसैले बुद्धले यसलाई आफैले खोजिगरी पाएको सत्य हो भनी बताउनु भएको हो।

जब वहाँले आजभन्दा २५६९ वर्ष अघि बुद्धगयाको पीपलको एक रुखमुनि ध्यानगरि रहेको बेलामा बैशाख पूर्णिमाको रातको अन्तिम समयमा यस सत्यलाई सत्यको रूपमा अववोध गर्नुभयो तब वहाँलाई देवमनुष्यहरूले  बुद्ध भनी घोषणा गरेका थिए। यो अवबोध पछि वहाँले पनि आफुलाई बुद्ध भनी घोषणा गर्नु भएको थियो। जस्तै वहाँले दुःखसत्यलाई अवबोध गर्नु भयो त्यस्तैगरी त्यसको निदान, निरोध तथा मार्गसत्यलाई पनि अवबोध गर्नुभएको थियो। यी चारसत्यलाई कसैले पनि असत्य पार्न नसक्न भएको हुनाले यसलाई 'चतुरार्य सत्य' मानिएको हो।

वहाँले स्वयं पनि भन्नु भएको छ कि – भिक्षु हो जबसम्म चतुसार्यसत्यलाई सत्य हो भनी बवबोध गरेको थिइन जबसम्म मैले आफुलाई 'बुद्ध' भनी यो ब्रम्हामण्डमा घोषणा गरेको थिइन। जब मैले पहिले कसैबाट नसुनेको उपरोक्त चारसत्यलाई सत्यभनी अवबोध गरें तब आफुलाई बुद्ध भनी घोषणा गरें।" यही अवबोध ज्ञानलाई बुद्ध भनिएको हो। अवबोध गर्ने ज्ञान कुनै व्यक्तिमा हुने भएको हुनाले सो अवबोध गर्ने पुरुषलाई 'बुद्ध' भनीएको हो भन्ने कुरा पनि बिर्सनु हुन्न। अतः यो अवबोध गर्ने ज्ञान सबै मानिसहरूमा पाउन नसकिने होइन।

जस्तै वहाँले बैशाखपूर्णिमाको रातको अन्तिम याममा बुद्धत्व प्राप्त गर्नु भयो त्यस्तैगरी वहाँको जन्म पनि बैशाख पूर्णिमाकै दिनको नेपालकै लुम्बिनी उद्यानमा भएको थियो। तथा वहाँको देहावसान अर्थात् महापरिनिवाण पनि मल्लहरूको शालोद्यानमा भएको थियो।

त्यसैले विश्वका सबै बुद्धमार्गीहरूका निमित्त यो दिन अत्यन्त महत्वपूर्ण रहेको  छ। यो दिनमा उपरोक्त तीन वटा महत्वपूर्ण घटनालाई स्मरणगरी अ-आफुले पनि दुःखलाई सत्यको रूपले हेर्ने बानि बसाल्न सकेमा बैशाख पूणिमाको महोत्सव मनाउने काम सार्थक हुनेछ।

(साभारः आनन्दभूमी वर्ष ८ अंक २)



# शान्ति

● *दिं. बौद्ध महाऋषि महाप्रज्ञा*

संसारे तक्यना च्वँतलें  
शान्ति दैमखु सीकिन्हां ॥  
न्हाय्‌तेमाः नांवनी धैगु  
थ्वनं संसार या गठि ॥१॥

लोके ल्वेके माःगु तक्कं  
शान्ति मार्गे व बाधक ॥  
शान्ति योसा लोक तोति  
लोके शान्तित्व दुर्लभ ॥२॥

खान बान मान थाने  
यथालाभे जुया सुखी ॥  
मफुसा मागु अध्यास  
अभ्यासं जय ज्वी फुसा ॥३॥

मधीक जुयफै लोकं  
अनदै शान्ति या रस ॥  
धन व जनपिं मोक  
दैगुन्हां शान्ति निर्मल ॥४॥

# श्रद्धेय भिक्षु सुगतमुनि महास्थविर



नेपालमा स्थविरवादमा बुद्धधर्म पुनर्जागरणपछि बुद्धधर्म, बौद्ध संस्कृति एवं दर्शनको क्षेत्रमा नौलो आयाम थपिदैजाने क्रमले निरन्तरता पाउँदैगएको छ । भिक्षु महाप्रज्ञा, भिक्षु कर्मशील (प्रज्ञानन्द), भिक्षु धर्मालोक एवं भिक्षु अमृतानन्द महास्थविरलाई पुनरुत्थानको इतिहासलाई स्वअनुभूत गर्नेहरू अझै पनि गर्व र खुशीकासाथ स्मरण गर्ने गर्दछन् । राणाकालीन शासन व्यवस्थाअन्तर्गत स्थविर वादलाई अंगाली धार्मिक गतिविधिलाई अगाडि बढाउन आफ्नो जीवन बुद्धधर्मप्रति अर्पण गरी प्रव्रजित जीवन यापन गरिरहेका भिक्षु-श्रामणेरहरूलाई १५ श्रावण २००१ सालमा देश निकाला गरिएको जुन कलंकित ऐतिहासिक घटना छ त्यसमा भिक्षु रत्नज्योति पनि परेका थिए । भक्तपुर चापागाउँलगायत विभिन्न क्षेत्रमा समर्पित भएर लागेका भिक्षु रत्नज्योतिलाई ललितपुरका पूर्णवीर सिं तथा पूर्णमाया सिंको गर्भबाट बि.सं. १९९७ मा जन्मेका माहिला पुत्र माहिला सिंले धेरै नै सेवा सुश्रुषा गरेका थिए । सिक:मि- बज्रक:मि कार्य गर्दैर हेको त्यो समयमै आफू पनि भारतको कुशिनगरमा गई श्रामणेर दीक्षाप्राप्त गर्ने सोच लिएका उनी रत्नज्योति भन्तेसँगै पाटनका विभिन्न बहा:बही हुँदै भक्तपुरको मुनि विहारमा पनि बसेका थिए ।

२०२३ सालमा त्रिशुलीमा अवस्थित सुगतपुर विहार मा भिक्षु रत्नज्योतिको आचार्यत्वमा माहिला सिंह श्रामणेर प्रव्रजित भए । कुशीनगरमा गई दीक्षाधारण गर्ने आशा भएपनि भिक्षु धर्मवंशको प्रेरणाले त्रिशुलीमैं श्रामणेर दीक्षित उनलाई सुगतपुर विहार र मुनि विहारको नामबाट 'सुगतमुनि श्रामणेर' भनी नामाकरण गरिएको कुरा उहाँ स्मरण गर्दै बताउनु हुन्छ । श्रामणेर दीक्षापछि उहाँ सुमङ्गल विहारमा पनि बस्नुभयो । वर्तमान नेपालका पूज्यपाद संघनायक भिक्षु बुद्धघोष महास्थविर तथा भिक्षु ज्ञानपूर्णिक महास्थविरको सान्निध्यतामा रही परियत्ति शिक्षा अध्ययन गर्नुभयो । उहाँले परियत्ति प्रवेश तृतीय वर्षसम्म अध्ययन गरेपछि लुम्बिनीको राजकीय बुद्ध विहारमा दिवंगत नेपालका संघनायक भिक्षु अनिरूद्ध महास्थविरसँगै बस्नुभयो । त्यतिबेला लुम्बिनीमा धर्मशाला निर्माण कार्यमा उहाँले पनि सकृयता निभाउनुभयो । लुम्बिनीमा आउने यात्रीहरूसँगै उहाँ उपसम्पदा दीक्षाप्राप्त गर्ने मनसाय बोकी महाराष्ट्र पुग्नुभयो । त्यहाँबाट कलकत्तामा जानुभई बंगला-बरूवा भिक्षु धर्मपाल महास्थविरको उपाध्यत्व एवं भिक्षु प्रियदर्शी महास्थविरको आचार्यत्वमा उदकसीमामा पूर्ण भिक्षुत्व ग्रहण गरी ई सं. १९७३ डिसेम्वर १६ का दिन उपसम्पदा दीक्षाप्राप्त गर्नुभयो ।

उहाँ भिक्षु सुगतमुनि दक्षिण त्रिपुरामा झण्डै दुइवर्ष बस्नुभई पालि र बंगाली भाषा सिकी धर्मसम्बन्धी पनि अधयन गर्नुभयो । पछि नेपाल फर्किसकेपछि ई सं. १९८२ तिर वर्तमान भिक्षु बोधिसेन महास्थविरको प्रेरणाले स्वयम्भू भुइखेलस्थित आनन्दभूवन विहारमा बस्नुभयो । त्यहाँ बसी उहाँले धर्मप्रचार गर्ने कार्य थालनीको रूपमा बुद्धपूजा, धर्मदेशनामा आफूलाई संलग्न गराउँदै जानुभयो । झण्डै अठार वर्ष स्वयम्भूमा बस्नुहुने उहाँ भन्ते विहारको निर्माण कार्यमा पनि संलग्न हुनुभयो । उहाँ भन्तेले विशेषगरी निमन्त्रित स्थलमा पुगी पूजापाठ आदि कार्यमा संलग्न भई आफूलाई समर्पित गर्दै आउनुभएको छ ।

हाल थानकोटस्थित जितवन विहारमा बस्नुहुने भिक्षु सुगतमुनि महास्थविर विगद ७ वर्षदेखि त्यहीं सम्पूर्ण जिम्मेवार वहन गरी विहारको धार्मिक क्रियाकलापमा संलग्न हुँदै आउनुभएको छ । त्यस विहारमा अझै निर्माण कार्य जारी नै छ । हाल त्यहाँ बुद्धपूजा, ध्यान भावना र ज्ञानमाला भजन निरन्तर रूपमा चलाइ रहनुभएको छ । महापरित्राण पाठ गरिंदा लययुक्त रागमा पाठगर्ने भिक्षुको रूपमा चिनिनुहुने उहाँले थाइलैण्ड, बंगलादेश र भारतका विभिन्न बौद्ध क्षेत्रको भ्रमण गरिसक्नु भएको छ । भिक्षु सुगतानन्द, भिक्षु मेधंकर र श्रामणेर सुबोधि उहाँकै शिस्य हुन् । विशेषत: धार्मिक विधि, पूजा-पाठमै सीमित हुनुहुने उहाँ बौद्धिक क्षेत्रमा त्यति सुपरिचित नहुनुभए पनि झण्डै तीन दशक प्रव्रजित जीवन यापन गरी उहाँले जुन योगदान गरिरहनु भएको छ त्यस्को महत्व र विशेषतालाई कम ठान्नु हुँदैन भन्दा अतयुक्ति नहोला ।

हरेक व्यत्तित्व बौद्धिक क्षेत्रमैं भिज्नु पर्छ सबैले ठूलठूला ठेलीका ठेली ग्रन्थ रचना नै गरेर जानुपर्छ भन्ने सोच र मान्यता राख्नु अनि त्यसै अनुरूप व्यवहार गरिनुमा हामीले पुनर्विचार गर्नैपर्छ । व्यक्तिले आ-आफ्नो क्षमता अनुरूप सम्वन्धित क्षेत्रमा लगावकासाथ निरन्तर रूपमा आफूलाई प्रस्तुत गर्दै अघि बढिरहनु आफैमा महत्वपूर्ण विषय हुन्छ भन्नुमा अत्युक्ति नहोला ।

# जीवन यात्राको निम्ति आवश्यक ज्ञान ४

विश्वधर्मता ३

● भिक्षु धर्ममूर्ति स्थविर



'आफुलाई उपमाको रूपमा लिएर' भन्ने माप दण्ड अनुसार छानेर रोजेको काम-क्रियामा लाग्न सकिन्छ । त्यस मापदण्ड अनुसार गर्न नहुने लाग्न नहुने काम क्रियामा लाग्नु- गर्नु नै पाप हुन् । त्यस्ता कर्ममा झुकेका मन समेत अकुशल हुन्छ । सोचेर बुझेर त्यस्ता कर्मबाट पन्छिएर बस्नु कुशल हुन्छ ।

अरूको जिवन विनाश गर्नेको वा अन्यलाई कायिक-मानसिक रूपमा हिंसा-पीडा दिनेको प्रतिफल विपाक स्वरुप उसलाई दुःख भोग्नु पर्ने वाहेक मानिस भएर फेरी जन्मिएमा छोटो आयुको हुने, विभिन्न रोग व्याधिले ग्रस्तभएर शारिरीक पीडा भोगेर बाच्नु पर्ने, कुनै बेला त्यक्तिकै अरुबाट दुःख पीडा व्यवधानहरू झेल्नु पर्ने, आकस्मिक दुर्घटना भोग्नु पर्ने र राम्ररी नबढेको शरीर र शरीराङ्ग भएको मानिस भएर बाच्नु पर्ने इत्यादि फल विपाकको रूपमा प्रथम पक्षले दोस्रो पक्षलाई हानी नोक्सानी पुऱ्याएको कारण प्रथम पक्षले भोग्नु पर्ने हुन्छ ।

गौतम बुद्ध राजगृह नगरको समिपमा रहेको 'गिज्झकुट पर्वत' फेदिमा चक्रंमन गरिरहेको वेला शिष्य भिक्षु देवदत्त उक्तपर्वतको चुचुरोमा चढि त्याँहाबाट ठूलो चट्टानि ढुङ्गा गौत्तम बुद्धको टाउकोमा खसाले । बुद्धलाई मार्न खसालेको दुंगा सिधै टाउकोमा नपरि तल अर्को ढुङ्गामा ठोक्किएर उछिट्टिएको त्यसै ढुङ्गाको एक टुक्राले खुट्टाको औलामा लागेर रगत बग्ने गरि चोट लाग्यो । त्यसैले ठूलो पिडा भई मलम पट्टि पनि गर्नुपऱ्यो । सम्पूर्ण जगत प्राणी प्रति महाकरुणा फैलाउनु हुने–राख्नु हुने आफुलाई समेत यस्तो किन भएको होला भनी 'अभिज्ञा' शक्तिले अतित हेर्दै जाँदा उहाँले कारणाकारण देख्नु भयो । संसार यात्राको क्रममा पारमिताको अभ्यास गर्नुभन्दा पहिलेको एक जन्ममा; आमा वितेका कारण बुवाले अर्को आईमाई विवाह गरी सौतेनी आमाको रूपमा घरमा ल्याए पछि उन्ले आफ्नै छोरा छोरीलाई मात्र धनसम्पत्ति दिलाउने प्रयास गरीरहेको अवस्थामा वुवाको प्रथम आमाको छोरा भएको आफुले सौतेनी आमाको छोरा र भाइलाई मारेको रहेछ । त्यस दुष्कर्मको फल विपाक संसार यात्राको क्रममा अनन्तसमयसम्म अनन्तजन्महरूमा भोगिसके पनि समाप्त नभई यस जन्ममा बुद्ध भए पछि पनि त्यस ढुङ्गाको चोटको रूपमा विपाक भोग्नु परेको तत्थ्य खुलासा गर्नु भएको छ । सो खुलासा अपदान पालीको पिलोतिकापदान वर्गमा पढ्न पाइन्छ । त्यस्तै आफ्नो पूर्वभवहरूमा आफु माछा मार्ने ठाउँमा गई त्यस दृष्य हेरी रमाएका कारण यस जन्ममा बुद्ध हुँदा समेत विपाक स्वरुप वेला वेलामा टाउको दुख्ने रोगले सताएको तत्थ्य पनि देशनामा उल्लेख गरेको पाइन्छ ।

गल्ती गर्नु झैं अरुको दुःख देखेर सुनेर हास्नु, रमाउनुले पनि नराम्रो फल विपाक दिन्छ भनेर उक्त बुद्धका अतीत घटनाले उल्लेख गर्दछ । बुद्धले आफ्नो बुद्ध ज्ञानले थाहा पाई प्रकाश पारेका ती तत्थ्यहरू सत्य घटनाको रूपमा बौद्धहरूले विश्वास गरेतापनि अबौद्धहरूले वा स्वतन्त्र चिन्तकहरूले धेरैजस्तो प्रमाणित तत्थ्य घटनाको रूपमा विश्वास गर्ने वैज्ञानिक प्रमाणको आधारमा फेलापरेका वा अनुसन्धानले सत्य सावित गरेका तत्थ्य घटनाहरू छन् । 'अभिज्ञा' लाभ नभएता पनि पूर्वभवहरूमा प्राप्त दक्षताका प्रभावले यस जन्ममा पनि विशेष क्षमता र ज्ञान भएका वा प्राप्त गरेका व्यक्तिहरू यहाँ हुनसक्छन् र छन् पनि भन्दा अत्युक्ति नहोला । २० औं शताब्दीको मूल भागमा क्यालिफोर्नियामा वास गरेका एड्गार केले त्यस्ता समुहमा परेका सम्भाव्य व्यक्ति हुन् । विभिन्न प्रकारले पीडीत व्यक्तिहरू उहाँकहाँ जाँदा आफ्नो विशेष मानसिक शक्तिको माध्यमबाट तीनीहरूको पीडाका कारण बनेको पूर्वभवका घटनाहरू प्रकाश पारेका छन् ।

ती मध्ये एक घटना अनुसार तीन छोरा छोरीका आमा भएका ३६ वर्षीय आइमाई पक्षपातको रोगी भएछ । त्यसपश्चात उन्लाई हिड्डुल गर्ने अवस्था आएन । हिव्ल चियरबाट यता उता जाने उन्लाई एड्कार केलेकहाँ लगेछ । केलेले उन्को रोगको निदान मूल हेतु कारण देखाईदिनु भयो । उनी नीरो को समयमा रोममा बासगरेका उच्चकुलका महिला रहेछन् । 'नीरो'हरूले क्रिस्तायानीहरूलाई हिंसा पीडा दिंदा उनी ती नारीहरूसंग समीप आश्रय रहेको रहेछ । अहिंसक मानिसहरू सिंहलाई थुनेको ठूलो पिजडाँमा पठाएर ती मानिसहरू ती सिंहहरूसंग कुस्ती खेल्दा र सिंहले ती मानिसहरू जिउंदा खाएको दृष्य हेरेर रमाउने खुसि हुनेहरू मध्ये ती महिला पनि रहेछन् । त्यसैको बाँकि फल विपाक को रूपमा उनी आज पक्षघात भएर पक्षघातीको रूपमा बाँच्न बाध्य भएको तत्थ्य सिल्विया क्रेन्स्टनको मेनी मेन्सन (Many mansion) पुस्तकमा उल्लेख भएको पाइन्छ ।

त्यस्तै अर्को घटना अनुसार खुट्टामा क्षयरोगको कारण खुट्टा खुम्च्याउँदै डिड्नु पर्ने एक युवति पनि एड्गार केलेकहाँ



लगेछ । तरुणी भएर पनि खुट्टा खुम्च्यउँदै हिड्नुपर्ने युवतीको रूपमा बाच्नुपर्दा भोग्नु पर्ने पीडा कति होला । उनी पनि रोममा 'नीरो'को राजसभ्पमा बस्ने उच्चकुलका महिला भएर रहेको रहेछ । धार्मिक बध-हिंसा विद्यमान उक्त समयमा धनीहरूको 'रमझम' को लागि देखाइने खेल को रूपमा रहेको 'भूखा सिंहसंग समातिएका मानिसहरूको भिडन्त' अन्तर्गत एक तरुण युवती सिहंको खोरभित्र राख्दा उक्त सिंहले ती युवतीका शरीराङ्गहरूमध्ये एक भित्रि अंगलाई हातले फाटिरहेको दृष्यलाई हेरेर हाँसि रमाए । अरूको दुःख पीडामा यसरी रमाएको प्रतिफलको रूपमा वतर्मान जिवनमा पनि अन्य तरुण-तरुणीहरूको हेलाको रुपमा खुट्टा पनि खुम्च्चायँदै हिड्नु पर्ने बनाइदिएको तत्थ्य केले उल्लेखगरेको छ । त्यस्तै अर्को घटना अनुसार १६ वर्षमै मोटर दुर्घटनाबाट आफ्नो दाड भँच्चाएर बाच्नु परेको युवकलाई पनि केले कहाँ लगेछ । किनकी गरेको कुनैपनि उपचारले उसको रोग निको पार्न सकिएन । झन तलको पूरै भाग अप्राणिक भई ह्विल चियरमा ६ वर्ष विताए । पछि एड्गार केले कहाँ लग्दा उन्को अतीतले पनि त्यस्तै घटना दोहोऱ्याएको देखिन्छ । क्रिस्तुवर्ष आरम्भको समयमा रोममा एक सैनिक भएर बाँचेको त्यस युवक धार्मिक वध हिंसाले पिडीतहरू देखेर खुसि हुने गरेको रहेछ । त्यस्तै सैनिकहरूले कार्दा आदिले पीडा दिंदा रमाउने गर्दो रहेछ । त्यसैको फलविपाक स्वरुप वतर्मानमा यो अवस्थामा बाच्नु परेको तत्थ्य केलेले प्रकाश पारेको छ ।

गौतम बुद्ध जीवनमान कालमा श्रावस्ति नगरमा आएका एक व्यापारी साथीहरूसंग जेतवनमा विहार गई बुद्धको उपदेश सुनेपछि बुद्धसमक्ष भिक्षु भई (आफ्नो सम्पति सबै भाईलाई जिम्मा दिई) ध्यान अभ्यास सिकी अन्य एकान्त ठाँउमा गई ठूलो मेहेनतले ध्यान गरी अर्हत भई बसे । तर धेरै मेहेनतको कारण दुवै आखाँ अन्ध भए पछि चक्मणको कारण आँगनमा थुपै कीराहरू मरिराखेको दृष्य अन्य भिक्षुहरूले देखी कीरा मार्ने उक्त भिक्षु वारे बुद्धसमक्ष कुरा उठाए । बुद्धले उक्त अन्ध भिक्षुको अतीत प्रकाश पार्नु भयो । अतीतको एक जन्ममा एक आँखाको वैद्य भएर बाँचेको रहेछ । एक गरीव आखाँ नदेख्ने युवती उसकहाँ औषधोपचारको लागी आएछ । तिम्रो आखाँ निको पारे मलाई के दिने भन्ने प्रश्नको उत्तरमा उनले मसंग दिन केहि छैन म आफै तपाईको दासी बन्नेछु भनी भनेछ । त्यस वाचाको आधारमा वैध औषधि गरेर उन्को आखाँ निको पारेछ । आखाँ देख्ने भएपछि वाचा अनुसार वैद्यको घरमा दासीको रुपमा वस्न नचाहेका उनी वैद्यले सोद्धा आखाँले राम्ररी नदेख्ने भनी बताएछ । तर वैद्यले कुरा चाल पाई वदला लिने भावनाले राम्रो हुने भनी अन्ध हुने औषधि दिएछ । तीन्ले पनि झन् राम्ररी देख्ने लोभले उक्त औषधि लगाउँदा पूणरूपमा अन्धो भएछ । उक्त समयमा वैद्य भएका आजका यस भिक्षु उक्त क्रियाको फल विपाक स्वरुप आज पनि अन्धो हुनु परेको तत्थ्य उजगार गर्नु हुदै दुष्ट मनले वा नराम्रो भावनाले गर्ने क्रिया कर्मले फल विपाक स्वरुप पीडा दिदैं संसारभरि उसको पछि पछि जाने । गोरुको पछि पछि जाने बोझयुक्त गाडा जस्तै हो भनी धम्मपदट्ठकथा चक्खुपालथेर वत्थुमा प्रकाश पार्नु भएको छ ।

कपिल वस्तु घर भएका गौतम बुद्धका ज्ञाति अर्हत भिक्षु अनुरुद्ध पनि एक हुन । उहाँ पछि आफ्नो गाउँमा जाँदा घरका ज्ञाति वन्धुहरू सबैले उहाँलाई भेट्न आए । तर कान्छि वहिनी एकजना मात्र नदेखेर सोद्धा आमाले रोहिणी छोरीको शरिर भरि कुष्ट भएकोले लुगा समेत लगाउँन नसक्ने अवस्थामा रहेकेले रोगले गर्दा उनी घरभित्रै लुकेर बसेकी छिन् भनी भनीन् । पछि भिक्षु अनुरुद्धले बुद्धसमक्ष त्यस कुरा राख्दा बुद्धले उक्त रोगका कारणा कारण अतीत घटना सुनाउनु भयो । अतीतका एक जन्ममा उनी एक राजाको महारानी भई बसेकी थिइन् । राजाको अन्तपूरमा एक रूपसम्पन्न तरुणी देखी उन्प्रतिको इर्ष्या दाहाले उन्को त्यो रूपशोभा नष्ट गर्ने उपाय स्वरुप विष वर्गका फलहरू झिकाई चूर्ण वनाई उनी सूत्ने ओछ्यानमा र लगाउने लुगामा छर्किन् । उक्त विषले गर्दा ती सुन्दरीको छाला विग्री नराम्री भइन् । त्यो विपाक स्वरूप यस जन्ममा पनि तिम्रो कान्छी बहिनी राहिणी कुष्टरोग जस्तो चर्मरोगले पिडित भई वाच्नु परेको हो भनी धम्मपदट्ठकथाकै रोहिणि वत्थुमा प्रकाश पार्नु भएको छ ।

क्मश......

# "न हेर्नु, आनन्द !"

● डा. लक्ष्मण शाक्य, ॐ बहाल



बुद्ध वचन अमर वचन हो । २५५२ वर्ष अगाडि आफ्नो नीजि सेवक भिक्षु आनन्दले आफू अन्तिम शैय्यामा, दुईवटा शालावृक्ष मुनि कुशीनगरको मल्लराजाहरूको बगैचामा लेतिरहनु भएका भगवान् बुद्धलाई यसरी सोध्नु भएको थियो "भिक्षु आनन्दः भगवान् महिलाहरू प्रति कस्तो व्यवहार गर्नु पर्छ ?"

- भगवान् बुद्ध : मुख न हेर्नु ।
- आनन्द : मुख हेर्नु पर्ने अवस्थामा ?
- बुद्ध : कुरा न गर्नु ।
- आनन्द : कुरा गर्नु पर्ने अवस्थामा ?
- बुद्ध : स्मृतिलाई सम्हालेर, होश राखेर बस्नु ।

- बुद्ध र आनन्दबीच भएको यो छोटो कुराकानी कति स्पस्त र मार्मिक रहेको छ भन्ने वारे जति व्याख्या गरे पनि अधुरो नै होला । यहाँ भएको कुराकानीले महिला र पुरुष बीच रहिआएको घनिष्ठ सम्बन्धलाई स्मरण गराउछ । वास्तवमा महासमुद्रको सतह नाप्न सकिन्छ होला । तर पुरुष - स्त्री बीचको सम्बन्धको गहीराई नाप्न गाह्रो हुन्छ । महिला पुरुषको सम्बन्ध मानव इतिहासको शुरुवात देखिनै कायम रहीआएको देखिन्छ । पुरुष सम्बन्ध पीता को महिला र महिला सम्बन्ध विनाको पुरुष भन्नु अधुरो मानव बन्नु हो । फेरी महिला र पुरुष वीचको सम्बन्ध विस्तार वीना परिवार, समाज, राष्ठ र विश्व मानव समाजको परिकल्पना गर्नु र त्यस्को अस्तित्व वारे छलफल गर्नु सम्भव नै हुदैन । यस्तो गहीरो र दूरगामि प्रभाव पर्ने विषयसंग जुदिएको स्त्री-पुरुष सम्बन्ध वारे भगवान बुद्धले त्यस्तो आफ्नो नकारात्मक धारना प्रक तगर्नु वा विचार जन समक्ष ल्याउनुको पछाडि अवश्य पनि अत्यन्त टूलो रहस्य लुकेको हुनु पर्छ। यो विचारणीय कुरो हो।

भगवान् बुद्धलाई यो कुरा विदितै थियो कि महिला र पुरुष एकअर्काका परि पूरक हुन् र उनीहरूको आ-आफ्नौ विशेषता छ । त्यसैले बौद्ध वाङ्मय त्रिपिटकको सुत्र पिटक अन्तर्गतको चौथौं निकाय अशङ्गुत्तर निकायको एकनिपातमा बुद्धले स्वीकार्नु भएको छ कि संसार मा त्यस्तो कुनै रूप, शव्द, गन्ध, रश, स्पर्श अरु छैन जस्तो महिलाको पररुष प्रति र पुरुषको महिला प्रति बढी आकर्षित हुन्छ । यस्तो वास्तविकता वियमान हुंदाहुँदै पनि तथागतले आनन्दलाई त्यसरी निषेधित तरीकाले अनुशासन गर्नु भयो, यो घटनाले साधारण मनिसलाई आश्चर्य र चकित पार्नु स्वभाविकै हो ।

मनुष्को जुनसुकै समाजलाई नियालेर हेरेमा पनि महिला र पुरुषकै कुरा आउंछ चाहे त्यो गृहस्थहरु को समाजहोस् या त्यागीहरूको संघ होस्। आखिर मानव समाज महिलाहरू र पुरुषहरुकै समूहद्वारा बनेको हुन्छ । बाबु-आमा, छोरा-छोरी, श्रीमान्-श्रीमती, बाज्या-बज्यै, हजुरबा-हजुर आमा, मामा-माईजु, काका-काकी, दाजुभाई-दिदीवहिनी, भिक्षु-भिक्षुणी इत्यादिले यही वास्तविकतालाई देखायंछ कि महिला र पुरुष वीचको सम्बन्ध संसारिकमा मात्र सिमीत न रहेर आध्यात्मिक स्तरमा समेत कायम रहि आएको प्रमाणित हुन्छ। यी वास्तविकताको पूर्ण जानकारी प्राप्त व्यत्तित्व हुनु भएकोले नै बुद्धलाई सर्वज्ञ पनि मानिएको हो ।

बुद्ध महान बुद्धीवान् व्यक्तित्वमा पनि गनिन्छ । वहाँ महाकरुणावान् को रुपमा पनि सुपरिचित हुनु हुन्छ । समस्त प्राणीहरूमा असीम मैत्री र करुणा राख्नु हुने बुद्धले त्यसरी पुरुषको विपरित भएका स्त्रीलिंग प्रति त्यस्तो कडा वचन बाल्नुको मक्सद हामीले बुझ्न कोशिस गर्नु परेको छ । यसै विषय भित्र नै भगवान् बुद्ध र बुद्धधर्मको रहस्य, र मर्म लुकिराखेको छ । यो सम्बाद बुझ्न अत्यन्त गाह्रो छ ।  तर बुझ्नै नसक्ने भने होइन । बुद्ध जीवनीको अन्त तीरको यो घटना वारे धेरै मानिसलाई जानकारी न भएको पनि हुन सक्छ । धर्म देशक र धर्म प्रचारकहरूको ध्यान यतातीर भन्दा अन्तै विषयतीर बढी गएको पाइन्छ । यो विषयमा अनिवार्य देखिएमा मात्रै उल्लेख गर्ने गरिएको पाइन्छ । सायद यो विषयको गहीरार्यमा जान न भ्याएकोले पनि त्यस्तो भएको हुन सक्छ। त्यति मात्र कहाँ हो र कसै-कसैलाई त यो विषय नखै विवादास्पद जस्तो भान भएको हुन सक्छ ।

सम्पूर्ण महिलाहरूप्रति बुद्धको सकारात्मक धारणा रहेको र उच्च भावनाले ओतप्रोत भएको भर्म देशनाहरू त्रिपिटकमा यत्र-तत्र- सर्वत्र पाइन्छन्। तर पनि बुद्ध आफू पुरुष भएर आफ्ना पुरुष शिष्य आनन्दले सोधेको स्त्री प्रतिको अत्यन्तै मार्मिक प्रश्नको जवाफ त्यसरी नकारात्मक ढंगले दिनु भएको हुनाले कसै-कसैको बुद्धप्रतिको धारणामा नै फरक भैसकेको पाइएकको छ। आजभोलीका केही मानव अधिकारवादी र कहिला अधिकारवादीहरूले बुद्धलाई स्त्री प्रति असमान व्यवहार गर्नु, स्त्रीलाई दोश्रो दर्जाको मानव रुपमा हेर्ने भन्ने जस्ता अभद्र लाञ्छना र आरोप समेत लगाउने गर्न थालेका देखिन्छन् । यस्तो विवादास्पद विषयमा कहिलेकाही प्राज्ञिक समाहरूमा समेत चर्चा-परिचर्चा भैरहेको पाइन्छन् ।

वहाँलाई मन नपराउने व्यक्तिहरूले भगवान् बुद्धलाई वहाँकै जीवमान कालमै पनि विभिन्न आरोप लगाउने गर्दथ्यो । चिञ्चा मानविका र  सुन्दरी परिव्राजको प्रशंग ज्वलन्त उदाहरण हुन्। वहाँले



सत्य सत्यनै हुन्छ असत्य असत्य नै भनेर धैर्य धारण गर्नु भएको थियो । त्यसकारण विद्वान पाठहरू हो तपाईहरू आफैले निस्पस रुपमा सोच्नुस् र सही निष्कशर्कमा आउन कोसिस गर्नुस । अन्यथा तपाइहरू जीवन भरमै यो विषयमा भ्रममा पर्न सकिन्छ ।

साँचै भन्ने हो भने बुद्धले कसैलाई काखात कसैलाई पाखाको व्यवहार गर्नु हुन्न । वहाँ सबै प्राणीहरूको सुख र दुःखबाट मुक्ति चाहानु हुन्थ्यो । वहाँले आफ्नै जीवमान कालमा नै व्यापक ख्याति प्राप्त गर्नु भएको थियो । बुद्धको परिचय दिंदा खेरी वहाँको नवाङ्ग गुण यसरी वर्णन गर्न गरेको पाइन्छः– "वहाँ भगवान् अर्हत, सम्यकसम्बुद्ध, विद्याचरण सम्पन्न, सुगत, लोकविदु, अनुत्तर पुरुषदम्य सारथी, देवमनुष्यका शास्ता, बुद्ध, भगवान् हुनुहुनछ ।" यस्तो महान गुण सम्पन्न भगवान् बुद्धले कसरी नर-नारी बीचमा पनपक्ष व्यवहार गर्नु हुन्छ, यो त सम्भव नै हुँदैन, असम्भव नै छ । वहाँ न्याय निसाफ प्रेमी व्यवहार कुशलतामा अग्र हुनु हुन्छ । फेरी वहाँ वीना कारणले केही काम कुरा नगर्ने स्वभावको हुनुहुन्छ । त्यस्कारण वहाँको विचार र अनुशासनमा शंका गर्नु भनेको हाम्रै दृष्टिमा भ्रम भएको हुनसक्छ । यदी त्यसो हो भने हामीले फरी सोच्नु पर्ने हुन्छ । आजको युगभनेको विचार स्वतन्त्रताको युग हो । प्रत्येक व्यक्तिले पूर्ण स्वतन्त्र रुपमा विचार गर्ने क्षमता बढाउनु परेको छ । हामी आफै शीलवान् ध्यानलाभी र प्रज्ञावान् भएर मात्रै कुनै गम्भिर विषय माथि निर्णय गर्ने परिपातीको थालनी हुनु पर्छ । यसो गरेमा हामी भगंभावको दोषबाट मुत्तहुन सकिन्छ अन्यथा छन्द, द्वेष, भय, मोह मध्य कुनै न कुनै पक्षपातपूर्ण शारीरिक, वाचिक र मानसिक अकुशल कर्ममा पर्न सक्छ जस्को कर्मफल दुःखदायी हुने र स्वयम्ले भोग्नु पर्ने हुन्छ ।

कर्म र कर्मफललाई सानो र तुच्छ देख्नु हुदैन । यस्ले कहिल्यै र कसैलाई पनि छोड्दैन, पच्छयाई रहन्छन् । अतः प्रत्येक सुखी हनु चाहाने व्यक्तिले आ-आफ्नो शरीर-वचन र मनका क्रीयाकलापहरूमा नियन्त्रण र संयम गर्नु बुद्धीमानी हुन्छ । बुद्धको योग्य अनुयाई बन्न अकुशल कर्मबाट बच्न सक्नखु पर्छ ।

यी उपरोक्त सबै तर्क-वितर्कलाई मध्य नजर राखेर अन्तमा यो निर्णय गर्न जमर्को गरेको छु कि यदी आधुनिक युगमा कुनै नव दिसीत भिक्षुणीले आफ्नो शुभचिन्तक तथा अनुभवी भिक्षुणी कहाँ आएर भिक्षु आनन्दले बुद्धलाई सोध्नु भएकै प्रश्न सोधेमा अवश्य पनि यसरी जवाफ दिनु हुने छ हाला – "अदस्स नं, भद्दे !

अर्थात–बहिनी पुरुषहरूको अनुहार नहेर्नु ।

– पुरुषहरूको अनुहार हेर्नु नै परेमा नि ?

- पुरुषहरू संग न बोल्नु ।

- बाल्नु नै परेमा नि ?

- स्मृतिवान् भएर बोल्नु । "

यस गम्भिर संम्वासंग अर्को रहस्यहरू पनि सम्बन्धित र हेका छन् भनि विग्यजनहरूले बुझ्नु यपयुक्त हुन्छ । ती रहस्यहरू भनेको विपरित लिंगका रूप, शब्द, गन्ध, रश तथा स्पर्श- यी पाँच कामारमण विषयहरू प्रति आकर्षित नहुनु हो । प्रत्येक इन्द्रीय जन्मकार्यहरू सम्पादन् गर्दा स्मृतिवान् हुनु होस् राख्नु र अप्रमादी हुनु पर्छ । त्यसो गर्न सकेमा बन्धनमा फस्नबाट बच्न सकिन्छ । राग-द्वेष-मोह-जस्ता मनोविकार क्लेसहरूबाट छेटकारा पाउन सकिन्छ, दुःखबाट मुक्ति पाउन सकिन्छ । अन्यथा अलिकति बेसोसीको कारणले गर्दा यो लोक र परलोकमा समेत दुःख भोग्नु पर्ने हुन्छ । संसारचक्तमा घुमिरहनु पर्ने छ ।

संसारचक्र भनेको सम्बन्धचक्र हो । स्त्री पुरुषबीचको मानव सम्बन्धचक्र स्वार्थपूर्ण भएमा दुःखदायी र निस्वार्थपूर्ण भएमा सुखदायी हुन्छ । मानव सम्बन्ध सुमधुर र समभ्कदारीपूर्ण रहेमा स्त्री-पुरुष दुवै पक्षको जीवन यात्रा सरल, अर्थपूर्ण, परिपूरक र सहयोगी भावले विकास गर्न सकिन्छ । संसारिक तथा आध्यात्मिक यात्रा सफल र फलिफाप बन्छ । बाधा अर्चन हत्छ, विवाद तुंगिन्छ । विपरित लिंगको अस्तित्व स्वीकार्न सहज हुन्छ । एक हर्को प्रति शुभ चिन्तक र कल्याणमित्रको व्यवहार गर्न सम्भव हुन्छ । शाक्यमुनि बुद्ध नामले विश्व प्रसिद्ध भएका हाम्रो देश नेपालको ऐतिहासिक महापुरुष र राष्ट्रिय विभूति समेत हुनु भएका राजोकुमार सिद्धार्थ र वहाँको धर्मपत्नी राजकुमारी यशोधरा देवी बीचको सुमधुर सम्बन्ध नै अद्वीतिम स्त्री-पुरुष वीचको सम्बन्ध हो, ज्वलन्त उदाहरण हो, बौद्धधर्मको सार उपदेश पनि हो । राजकुमार सिद्धार्थ भगवान् बुद्ध बन्न महारानी महामायादेवी, प्रजापति गौतमी, यशोधरा देवी, तथा सुजाता देवी समेतले ठूलो सहयोग पुऱ्याउनु भएको चार आर्य सत्य ज्ञान सुनेर अर्हत आदि हुनु भएको सत्यकुरा हामीले कहिल्यै न बिसौं । अस्तु

"महिलाले पुरुषलाई पूर्ण पुरुष बन्न र
पुरुषले महिलालाई पूर्ण महिला बन्न सघाउनु पर्छ
भन्ने नै बौद्ध मान्यता हो ।"

# सम्यक् आजीविका किन र कसरी ?

● श्री ठाकुरमान शाक्य



भगवान् बुद्धले प्रदर्शित गर्नु भएको आर्य अष्टाङ्गिक मार्ग मानवमात्रको लागि सर्वमान्य अर्थात् ग्लष्खभचकर्बा सिद्धान्त हो । यसैको एउटा भाग सम्यक् आजीविका हो ।

यो सर्वमान्य सिद्धान्त हो तर यसको अनुशरण गर्दा प्रत्येक व्यक्ति र समुदायले देश, काल र परिस्थिति अनुसार यस सिद्धान्तलाई व्यवहारमा उतार्ने कर्तव्य हुन आउँछ । यसरी यस सिद्धान्तलाई सापेक्षिक (Adaptation) बनाउन सिकेमात्र व्यवहारिक हुन जान्छ ।

यसरी यसलाई आचरणमा उतार्न यसको व्यवहारिक पक्ष स्पष्ट गर्न जरूरी छ । नत्र सम्यक् आजीविकाबाट हामी व्याख्यान त गर्न सकौंला तर सबैले यसलाई व्यवहारमा उतार्न गाह्रो हुन्छ । यदि मानिसहरूले व्यवहारमा उतार्न सकेन भने कुनै पनि सिद्धान्तको औचित्य हुँदैन । सम्यक् आजीविकाको अर्थ तीनवटा छन् ।

१) मानिसहरूलाई आफ्नो क्षमता बृद्धि गर्ने र प्रयोग गर्ने अवसर दिनु । २) साझा उद्देश्यको लागि मिलेर काम गरी म, मेरो भन्ने अभिमान हटाउनु । ३) प्राणीमात्रलाई आवश्यक वस्तु र सेवा उत्पादन गर्नु । उदाहरणको लागि कुनै कुनै विद्वानहरूले यसको तीनवटा मूल निर्देशिका यसरी पनि वर्णन गरेका छन् । १)हामीले कुनै कामको उद्देश्य बनाउँदा बहुजन हिताय, बहुजन सुखाय सिद्धान्तबाट निर्देशित हुनुपर्दछ । २) यो उद्देश्यलाई प्राप्त गर्ने उपायहरू यसलाई Action Plan भन्नुस् अथवा Technology भन्नुस् बनाउनु पर्दछ । ३)ज्ञान प्रविधि र कार्ययोजना मात्र भएर हुँदैन, यसलाई कार्यान्वयन गर्ने दृढ संकल्प हुनुपर्दछ । अथवा (समाधि ध्यान) भने पनि हुन्छ ।

यी तीन सिद्धान्तहरू भगवान् बुद्धको “शील, समाधि र प्रज्ञा” बाट निर्देशित छन् ।

अझ यसलाई व्यवहारिक रूप दिन यस्ता क्रियाकलापहरू माथि भने जस्तै हाम्रो समाज, समय र परिस्थिति अनुसार सबैले मिलेर ( Participation) विधिबाट निर्धारण गर्न जरूरी छ । जस्तै :

१) कुनै काम गर्न पहिले धनको होइन ज्ञानको जरूरत हुन्छ भन्ने बुझ्नु । २) मानिस ठूलो धनले भन्दा मानिसहरूको बोली, व्यवहार अथवा चरित्रबाट हुन्छ । ३)आफैंले मात्र कमाउने भन्दा सबै सहभागीहरूलाई फाइदा हुने काम गर्नुपर्दछ भन्ने धारणा राख्नु । ४) धेरै खर्च गर्ने र विलासी जीवन बिताउनु भन्दा जे गर्दा पनि ठीक मात्रामा गर्नु ( मध्यममार्ग अपनाउनु) र सुख पाउने प्रयास गर्ने हुनुपर्दछ । ५)प्राकृतिक श्रोतको विनास होइन संरक्षण गर्नु र दिगो विकासको सिद्धान्तमा जोड दिनु पर्दछ । ६)जे काम गर्दा पनि केन्द्रिकरण होइन विकेन्द्रिकरण नीति अपनाउनु पर्दछ । ७) कसैलाई नियन्त्रण गर्न खोज्नु भन्दा सहयोगी भावनाले काम गर्नुपर्दछ । ८) औपचारिकता भन्दा लचकदार व्यवस्था कायम गर्नुपर्दछ । हामी सबैले कसैलाई हानि नहुने तर सबैलाई फाइदा हुने व्यवस्था कायम गर्नुपर्दछ । ९) अरूको आलोचना होइन आफ्नो आलोचना गर्ने गरी आफ्नो पनि भूल सुधार गर्ने र अरूलाई पनि भूल सुधार गर्ने मौका दिनुपर्दछ । उक्त कुराहरू केही व्यवहारिक उदाहरणहरू मात्र हुन, त्यसमा आवश्यकता अनुसार थपघट गर्नुपर्दछ । वास्तवमा Management को आधुनिक सिद्धान्त The Seven "S" यसैबाट निर्देशित छन् ।

1. Superordinate goals 2. Strategy 3. Structure 4. Systems 5. Staff 6. Style 7. Skills

उक्त कुराहरू लागु गर्न छलफल र तालिम गर्न जरूरी छ । जस्तैः तालिम विशेषज्ञहरूलाई धेरै तालिम विधि थाहा होला । तर निम्न विधि अपनाउनु पर्ने देखिन्छ ।

तालिममा तीनवटा समूहहरूको आवश्यकतामा ध्यान दिनुपर्ने हुन्छ । जस्तैः १)तालिमको लागि निर्देशन गर्ने व्यक्ति र संस्था । २)तालिम दिने व्यक्ति (तालिमकर्ता) । ३) तालिम लिने व्यक्तिहरू (सहभागीहरू) ।

तालिम भनेको समूहहरूले आफ्नो उद्देश्य हासिल गर्नलाई लागू गर्ने विधि हो ।

"Training is a process used by organizations to meet their goals."

तालिम विधिको मोटामोटी ६ वटा तहहरू छन् :१) आवश्यकताको बोध (Awareness of needs) २)समस्या



विश्लेषण (Analyzing the problem) ३) समस्या समाधान गर्ने विविध उपायहरूको पहिचान (Knowing options) ४)उपयुक्त उपाय अपनाउनु । (Selecting appropriate option) ५)आवश्यक सीप सिकाउनु (Teaching necessary skills) ६)सिकेको सीपलाई व्यवहारमा उतार्न विधि थाहा पाउनु (Introduction of the systems)

Buddhist Principle of work

1. To give an opportunity to utilize and develop his/her facilities .
2. To enable him/her to overcome his/her ego centered attitude by joining with other people in a common task.
3. To make the people use their knowledge and skills to produce necessary goods and services.

यी कुराहरू हामीहरूले तालिम गर्दा अपनाउने विधिहरू हुन् । विकासको लागि हामीहरूले निरन्तर नयाँ ज्ञानहरू सिक्नु पर्दछ र जानिसकेको कुरालाई पनि परि मार्जित गर्दै जानुपर्दछ । सिकेको कुरा जीवनको गुणस्तर बढाउन लागू गर्न सक्नु पर्दछ । शिक्षा शिक्षाको लागि हुनु हुँदैन । फलतः हामीले सिकेको कुरा हाम्रो जीवनमा लागु गर्नु पर्दछ। त्यसरी सिक्ने कमाउने र गुणस्तरीय जीवनयापन गर्ने कुरा साथसाथै लैजानु पर्दछ । सम्यक् आजीविकाको लागि यो विधि आवश्यक छ ।

# सत्य र शान्तिको खोजमा

डा. गणेश माली

आदिकालदेखि आजसम्म पनि,
लागिपरेकाछन् कैयन् मानिसहरू,
दुई सार तत्वहरूको खोजमा
सत्य र शान्ति !

कैयन् विचारक - दार्शनिकहरू आए गए,
आफ्ना आफ्ना सिद्धान्तहरू प्रचार गर्दै,
कैयन् वैज्ञानिकहरू आए गए,
आफू आफूले भेट्टाएका सत्यहरू प्रचार गर्दै,
तर पनि किन वाद विवाद मा अल्झी
मानिसहरू पर्दैछन् हरघडि अन्यौलमा
खै, कहाँ छ, के हो अन्तिम - सत्य भनी ?

शान्तिको अविरल धारा वर्साउन भनी
तं तयार भै आए यहाँ,
अनेकन् क्रान्तिकारी - विचारक उपदेशकहरू,
तर पनि किन यस पागल दुनियाँ,
तडपीरहेछन् कतै नपाई दिगो शान्ति,
खै, कहाँ छ शान्ति, अविचल शान्ति, भनी ?

सत्य र शान्तिको यो अनौठो खोज,
के यसरी नै चलीरहला कहिल्यै टुंगो नलागी ?
जब कि उही असत्य- दृष्टि उही अशान्ति,
के यसरी नै चलीरहला सत्य - शान्तिको नाममा ?
अथवा हुन् सत्य - शान्ति केवल कोरा आदर्शहरू,
अनि असत्य - अशान्तिनै यस जीवनको वास्तविकता ?

# बुद्ध शिक्षा-आजको आवश्यकता

● देवेन्द्रराज शाक्य

बुद्धशिक्षाको सान्दर्भिकता



महामानव बुद्ध अद्‌भूत देवता होइन, अलौकिक होइन, चमत्कार गरि तत्काल दुःख निवारण गर्ने चमत्कारी पनि होइन। उहाँ मानवमा राग , दोष ,लोभ, क्रोध, अहंकार जस्ता मानवलाई अवनति तिर, डोऱ्याउने दुर्गुणलाई हटाई शान्ति, मैत्री, करुणा मुदित उपेक्षा , प्रेम ,सद्‌भाव जस्ता सद्‌गुणहरु सिकाई मानव जीवनलाई शान्तिपूर्वक सुखपूर्वक ,जीउने वाटो देखाउने मार्गदर्शक हुन् माहानव हुन्, बहुजन हिताय बहुजन सुखायको शिक्षा दिने दार्शनिक हुन्, साभ्यक सम्बुद्ध हुन्।

आज भन्दा २६३२ वर्ष पहिले (ई.पु. ५६३ ) रुपन्देही जिल्लाको लुम्बिनी शालवनमा माता माहामायादेवीको कोखबाट वैशाख पूर्णिमाको दिन सिद्धार्थ गौतमको जन्म भएको थियो । उनी अत्यन्त गम्भिर स्वभावका थिए । पिताशुद्धोधन उनको उभिमर स्वभावका कारण निकै चिन्तत थिउ । उनलाई राजकालमा चासो दिलाउन सुख - सयल भोग विलासमा चाहना जगाउन अनेक किसिमका भोगविलासका साधनले भरिपूर्ण गरिदिखाए । एक से एक सुन्दरीहरुको व्यवस्था गरि दिए । तर पनि उनको मन यसतर्फ कत्तिपनि आकर्षिक भएन ।

विलक्षण प्रतिभाका धनी सिद्धार्ग गौतमको उमेर जब बढ्दै गयो तबत ब उनका भ्रुन व्याकूलता बढ्दै गयो। सांसारिक दुःख तृष्णा , लोभ, लालल्च, माया मोहको जालबाट मानवलाई कसरी मुक्त गर्न सकिन्छ, कसरी मानवमा शान्ति ल्याउन सकिन्छ भन्ने कुरामा बढी चिन्तित हुनथाले ।

परिवारिक मोहजाल, राजकी सुखसयल, आफन्तजन सबै त्याग गरि २९ वर्षको उमेरमा गृहत्याग गरि सत्य ज्ञानको खोजीमा लागे। त्यसबेलाका नामुद ऋषि मुनीहरुको आश्रम गए। उद्द्‌कराम पुत्र,आलारकालम जस्ता विद्धानहरुको आश्रममा बसी ज्ञान प्राप्त गर्ने प्रयास गरे। विभिन्न आश्रमबाट प्राप्त गरेको ज्ञान पनि अपुरो जस्तो लाग्यो । प्राप्त ज्ञानले सन्तुष्ट भएन। आश्रम त्याग गरि स्वतन्त्ररुपमा तपस्या गर्न थाले। ६ वर्षसम्म अन्न जल ग्रहण नगरी शारिरीक कष्ट दिई कठिन तपस्या गरे । शरीरमा हाड, छालामात्र बाँकी रहन गयो। तर पनि लक्षित उद्देश्य प्राप्त गर्न सकेन। दुर्वल मनले, शारीरलाई कष्ट दिई ज्ञान प्राप्त गर्न सकिदैन भनेर बुझे । सुजाताले वृक्ष देवता भनी दान गरेको खीर ग्रहण गरे। जबसम्म मैले खोजि गरेको ज्ञान प्राप्त हुदैन तबसम्म म यस आसनबाट उठ्ने छैन भनी दृढ निश्चयका साथ बोध गयाको बोध वृक्ष भूमि आसन लगाई ध्यान भए ।

अव सिद्धार्थ गौतमले ज्ञान लाभ गर्ने भयो भन्ने बुझेर मारगणले उनको ध्यान भंग गर्न अनेक प्रयत्न गरे। तरपनि उनी कत्तिपनि विचलति नभई ध्यानमा लिन भई रहे । कहिले मुसलधार वर्षा गरि तर्साउन खोजे , कहिले प्रचण्ड गर्मी गराई विचलित गराउन खोजे, कहिले तेज आँधी कहिले चट्याङ्गको गर्जन गराएर तर्साउन खोजे तर पनि उनको ध्यान भंग गराउन सकेन । मारगणले आजित भएर हार स्वीकार गरे, मारको हार भयो । अन्ततः उनलाई आफूले खोजेको ज्ञान प्राप्त भयो । बोधि बृक्षभूमि ज्ञान प्राप्त भएकोले यहाँले प्राप्त गर्नु भएको ज्ञानलाई बोधिज्ञान भनेर पनि भनिन्छ । उहाँ बुद्ध हुनुभयो

बुद्ध भएपछि उहाँले पहिलो वाक्य यसरी व्यक्त गर्नुभयो -

उनेक जाति संसार, सन्ध्याविस्सं अनिविसं  
गहकारक गवेसन्तो, दुख्खा जाति पुनप्पुन  
गहकार दिट्ठोसी पुन गेह नं. काहसी  
सब्बाते फासुका भग्गा गहकुटं विसंखतम  
विसंखारगतं चित्तं तण्हान खय मज्भ्रगा  
अनेक पटक जन्मि सके पाइन संसारमा केहि  
धेरै दुःख झेली सके गृहकारकलाई खोजी  
गृहारको मूल भेटाई उखालियो ज्ञान  
सप्पूर्ण आधार उसको बल्ल नाश भयो,  
संस्काराधिन रहेन चित्त, तृष्णा क्षय भयो ।

उहाँले प्राप्तगर्नु भएको ज्ञानलाई अनेकवार स्वयं परिक्षण गर्नु भयो ।

पहिलो हप्ता - निरोध समापति समापति ध्यानमा बसी प्रकृतिको शाश्वत सत्यलाई शुरु देखि अन्त्य सम्म , फेरी अन्त्य देखि शुरुसम्म बारम्वार स्मरण, मनन गर्नु भयो ।

दोस्रोहप्ता - जुन बृक्ष मूनि बसी आफूले ज्ञान प्राप्त गरेका थिए त्यस वृक्ष ( बोधिवृक्ष ) प्राति भित्री हृदयदेखि कृतज्ञता ज्ञान गर्दै हेरिरहे । एक हप्ता आखाँ झिमिक्क पनि

नगरि अनिभेष नेत्र पूजा गरिरहे ।

तेस्रो हप्ता – बोधिवृक्षको पूर्व पश्चिम तिर चक्रमण ( हिडडुल) गरि विताउनु भयो ।

चौथो हप्ता – आफुले प्राप्त गरेको सत्य ज्ञानलाई फेरी अवलोकन (धर्म अवलोकन) गरि विताउनु भयो ।

पाँचौ हप्ता – आफुलाई पछिल्लो पटक भोजनदान गर्ने भद्र महिला (सुजाता)लाई कृतज्ञ भावले संभन्नु भयो अनि निरोध समापति ध्यानमा बस्नु भयो ।

छैठौं हप्ता – बोधिवृक्षको दक्षिण तर्फ रहेको घना रुखमुनी आई पुग्नुभयो । एक हप्ता सम्म लगातार पानी परिरहेकोले त्यो हप्ता त्यही विताउनु भयो । मुचलिन्द्र नामको नागर ाजले बुद्धलाई वेरी हावापानीबाट बचाएर र ाखेका थिए ।



सातौं हप्ता – र ाजायतन रुपमुखी बसी आफ्ले प्राप्त गरेको धर्मको रसयान(स्मरण) गर्नमा विताउनु भयो । यसरी बुद्धत्व प्राप्त गरी सकेपछि कृतज्ञता स्वरुप उहाँले सातहप्ता बोधि वृक्षको वरिपरि विताउनु भयो ।

बुद्धत्व प्राप्त भएपछि उहाँले पञ्चवर्गिय भिक्षु कौण्डन्य, वप्प, भद्दिय, महानाम र अस्सजिलाई प्रथम देशनादिनु भयो । चतुरार्थ साथ प्रतीत्य समुत्पादन र आर्य अष्टागिंक मार्गको वारेमा बोध गराउनु भयो चार अर्थ सत्य जसलाई हामी चतुरार्य सत्य भनि बुझ्छौं ती यसप्रकार छन् –

(१) दुःखार्य सत्य - संसारमा दुःख छ ।

(२) दुःख समुदय आर्य सत्य - दुःखको कारण छ । यसमा प्रतीत्यसमुत्पाद अर्थात द्धादश निदानको व्याख्या गर्नु भएको छ - द्धादर्श निदान यी हुन् (१) अविधा (२) संस्कार ( ३) विज्ञान (४) नामरुप (५) षडायतन (६) स्पर्स (७) वेदना (८) तृष्णा (९) उपादान (१०) भव (११) जाति (१२) जरामर ण

(३) दुःख निरोध आर्यसत्य - दुःखको अन्त्य गर्न सकिन्छ ।

(४) दुःख निरोध गामिनी प्रतिपदा आर्य सत्य - दुखलाई निरोध गर्ने मार्ग छ ।

यसमा आर्य अष्टागिंक मार्गको व्याख्या गर्नु भएको छ ।

आर्य अष्टागिंक मार्ग यी हुन् -

(१) सम्यक दृष्टि (२) सम्यक संकल्प (३) सम्यक वाचा ( ४) सम्यक कर्मान्त (५) सम्यक आजिविका (६) सम्यक व्यायाम (७) सम्यक स्मृति (८) सम्यक समाधि

यहि बुद्धको मूल उपदेश हो । यहि बुद्धधर्म हो । पहिले कसैले नभनेको, पहिला कसैले नसुनेको बुद्धको मौलिक शिक्षा हो यो ।

भगवान बुद्धको कहिले पनि कहिं पनि क्लीष्ट भाषामा अर्थात अरुले नबुझ्ने भाषामा, द्वि अर्थ लाग्ने बोलीमा उपदेश दिनु भएन । उहाँले जहाँपनि जहिले पनि सर्वसाधारण गृहस्थले बुझ्ने गरि सरल भाषमा उपदेश दिने गर्नु हुन्थ्यो । यहि कारणले गर्दा उहाँको उपदेश सुने पछि सबै उहाँको शरणमा आउँथे ।

बुद्धले एउटा अर्को महत्वपूर्ण एवं मननयोग्य शिक्षा पनि दिनु भएको छ ।

एक समय भगवान् बुद्ध भिक्षु संघ साथ चारिका गर्दै कोशल राज्यको केशमुक्त गाउको कालामका नगरमा पुग्नु भयो । तथागत बुद्धको कीर्ति चारैतिर फैलिएको छ, उहाँको दर्शनले सबैको कल्याण हुनेछ भन्ने सोची सबै उहाँको दर्शनका लागि आए । अभिवादन पश्चात बुद्ध समक्ष आफ्नो मतमा लाग्न आव्हान गर्दछ । अरुको मतलाई चोट पुऱ्याँउछन् घृणा गर्छन् । यसले हाम्रो मनमा शंका उपशंका उत्पन्न हुन्छ । कसको कुरामा सुनी विश्वास गर्ने, कसको कुराको विस्वास नगर्ने । तिनीहरू मध्ये कसको कुरा ठिक हो । कसको कुरा बेठिक हो । कुन श्रमणले सत्य बोले, कुन श्रमणले झुठबोले हामीले कसरी बुझ्ने ? तिनीहरूकोल कुरा ध्यान पूर्वक सुनी तथागतले जवाफ दिनु भयो –

कुनै कुरालाई केवल यस कारणले स्वीकार नगर कि यो कुरा पहिले देखि सुनिदै आएको हो, केवल यसकारणले स्वीकार नगर कि यो कुरा परम्परागत रुपमा चलि आएको छ, केवल यसकारणले स्वीकार नगर कि यो कुरा यस्तै पहिले देखि

भनिदै आएको हो, केवल यस कारणले स्वीकार नगर कि यो कुरा हाम्रो धर्म अनुकुल छ। केवल यसकारणले स्वीकार नगर कि यो तर्क संगत छ। केवल यस कारणले स्वीकार नगरकी यसको आकारप्रकार राम्रो छ, केवल यसकारणले स्वीकार नगर कि यो कुरा न्याय सम्मत छ, केवल यसकारणले स्वीकार नगरकि यो कुरा हाम्रो धर्म अनुकुल छ, केवल यसकारणले स्वीकार नगर कि यो कुरा भन्ने व्यक्तिको व्यक्तित्व आकर्षण छ, केवल यसकारणले स्वीकार नगर कि यो कुरा भन्ने व्यक्ति बाम्हण या पुज्य छ।

जब तिमीले आफ्नो अनुभवबाट जान्ने छौं कि यो कुरा अकुशल छ, यो कुरा दोष युक्त छ, बिज्ञ पुरुषद्वारा निन्दित छ, यो कुरा अनुसार हिड्यो भने आफ्नो अहित हुन्छ, नोक्सान हुन्छ, या दुःख हुन्छ भने त्यस्तो कुरा त्याग्नु वेश हुन्छ।

कुनै पनि कुरालाई आफ्नो विवेकको कसीमा राखेर जाँच्नु पर्दछ। गहन अभ्ययन मनन गर्नु पर्दछ। अनि आफुलाई ठिक लागेमा मात्र त्यसलाई स्वीकार गर्नु पर्दछ। आफुलाई टिक नलागेमा त्यसलाई अस्वीकार गर्नु, त्याग्नु नै बुद्धिमानी हुन्छ।

उपरोक्त शिक्षा त्रिपिटक अन्तर्गत सुत्तः पिटकको अंगुत्तर निकायको तिक निपनत, महावग्गको केशमुक्ति सुत्तमा वर्णन गरिएको छ।

बुद्धको शिक्षा व्याबहारिकतामा व्यवाहारिक छ। सर लतामा अति सरल छ। (सबैले बुझ्न सक्ने खालको) गहनतामा अति गहन छ। यसैले यसलाई मानव परोपकारी धर्म भनेर पनि भनिन्छ।

भगवान् बुद्धले आज भन्दा २५८७ वर्ष पहिले त्यसबेलाको सामाजिक, राजनैतिक परिवेश, समय परिस्थिती अनुसार दिनु भएको उपदेश आजको २१ औं शताब्दीमा पनि उतिकै सारगर्भित, सान्र्दभिक, समय सापेक्ष, एवं मनन योग्य छ। यसकारण हामी सबैले बुद्ध शिक्षालाई अध्ययन गरि जीवनमा लागु गरौं। अरुको अहित हुने काम नगरों अरुको कुरा काट्ने, हरुलाई हाच्याउने, हरुको चित्त दुःख्ने काम कहिल्लै नगरौं। अंहकारलाई त्याग गरौं। दुःखबाट मुक्त हुने बाटोमा लागौं। मानसिक तनावबाट मुक्त भई सुखमय जीवन विताउने मार्ग अवलम्बन गरौं।

सम्पूर्ण मानव दानशील भावनाले अभिप्रेरित भईरहोस्।

परोपकारी भावना बृद्धि होस्। दश पारमि पूर्ण गर्ने सक्ने क्षमता वृद्धि हास्। सबैमा धर्म चेतना जागृत भइरहोस् - यहि मंगल कामना। अस्तु।

# समवेदना

# अशान्ति - त्यो क्षण

● श्रामणेर कविन्दो

उपर यस आकाश हेर
कृष्ण मेघ भई बदलिएछ
परेवा उडीरहेका यी संसार
भौतारिदैं छन् अहिले काग
जल झरे नि यो हृदय अशुद्धै
बग्दैछ आँशु आँखा नै शुक्दै
बाँचू लाग्छ कसोरी पृथ्वी यसमा
अशान्ति फूलेका फूलहरू जसमा
फैंलिदैंछ धुँवाहरू सँगै अशान्तरङ्ग
अशान्तिले छौ कोही कसै झसङ्ग
चर्किन्दैछ चट्टान सरि दिल मानव
यसबाट होला कसको मन सुख
म परे दोधारे भेटाऔं कसरी सुख
अशान्ति अंगाल्नु परि भए म दुःख
अब खोजौं हामी शान्तिको मार्गलाई
पारौं शान्ति हाम्रो यस संसारलाई

# सामाजिक परिवर्तन नै वास्तविक परिवर्तन

● शिशिल चित्रकार



देशमा राजनीतिक परिवर्तनपश्चात व्यक्ति समाजले जुन परिणाम आशा गरेको थियो त्यो प्राप्त गर्न झन् झन् मुस्किल हुँदैगएको छ। आज समाज देशको जुन अवस्था छ खालि राजनीतिक वा कुनै व्यवस्थाको परिवर्तनले मात्र समाधान गर्न नसकिने वास्तविकता छर्लङ भएको छ। कुनै पनि व्यक्ति समाज र देशको विकास तवसम्म हुन सकिन्दैन जवसम्म व्यक्ति, समाज, देशमा व्याप्त विसंगति, विकृति, अन्याय, अत्याचार, व्यभिचार, फजुल खर्च, समयको बर्वादी आदि इत्यादीमा परिवर्तन तथा नियन्त्रण हुदैनन्।

आज समाज देशको भयावह अवस्थालाई सुधार गर्नु छ भने समाज, व्यक्तिमा भएको कयौं कुरीति, कुसंस्कार हरूको परिवर्तन प्रथम आवश्यक छ। यस सन्दर्भमा भगवान् गौतम बुद्धले बुद्धत्व प्राप्त गरेपछि धर्मप्रचार गर्न सोच्नु भएकोमा पहिले '**पुरानो संस्कार र अन्धविश्वासलाई नत्यागेसम्म र हृदय परिवर्तन नभएसम्म** आफूले प्राप्त गरेको मध्यम मार्गको ज्ञान बुझ्न एवं त्यस मार्गमा लाग्न असम्भव नभए पनि गाऱ्हो अवश्य छ भन्ने लाग्यो, त्यसकारण आफूले धर्मप्रचार नगरी बरु एक्लै जंगलमा बसी आनन्द पूर्वक बस्ने विचार गर्नुभयो। ........ सवै मानिसहरू मूर्ख र स्वार्थी छैनन्। सबै मानिस संकुचित बिचारका छैनन्। **उदार हृदय र बुझ्न सक्ने खालका विद्धानहरु** पनि छन्।'[1] त्यसपछि वहा शास्ताले ४५ वर्षसम्म निरन्तर रुपमा धर्म प्रचारमा लाग्नुभयो।

देशमा व्याप्त कुरीति कुसंस्कारलाई परिवतर्न नगर सम्म वास्तविक परिवर्तनको अनुभूति पनि नहुने तथा देश समाजमा भएका चलनचल्तिका कयौं संस्कारहरू इतिहासको बिभिन्न कालखण्डमा कुनै न कुनै राजनीतिक घटना वा प्रभावले बस्न गएका हुन।

........ 'वंशावली अनुसार बहाल बहालमा बसेका सबै भिक्षु, श्रामणेरहरूलाई राजा जयस्थिति मल्लले राजाज्ञाबाट जबर्जस्ती विवाह गर्न लगाइयो। वास्तवमा यो धर्मपरम्परा प्रति **प्रशासकीय जघन्ध अपराधपूर्ण हस्तक्षेप** थियो। ...... स्थितिमल्लको देहान्तपछि घनदो विहारका बृद्ध नायकबाट गृहस्थी बस्त्रलाइसकेको भएपनि विनयको दृष्टिवाट भिक्षुनै थहरीने भएकोले गणपूरक संख्याको कारणले **नयाँ प्रकारको चुडाकर्मको** प्रथा थालनी भयो। यसवाट बुद्धधर्मको परम्परा आज सम्म कायम हुँदै रह्यो। बहाल बहिलको सञ्चालन र संरक्षण पनि हुंदै रह्यो। बौद्धदर्शनको आधारमा कर्मकाण्डको नयां रूप बौद्ध जनजीवनमा प्रवाहित हुदै रह्यो। बंगलादेशको चकमा जातिमा बाहेक भारतमा जस्तो बुद्धधर्मको बौद्ध परम्पराको अन्त भएजस्तै नेपालमा बौद्ध परम्परा अन्त हुन पाएन। तापनि गृहत्यागि अवस्थाको **बौद्ध भिक्षुहरू** बहाल बहिलमा नरहँदा धर्म र दर्शन क्षेत्रमा भने पहिलेको तुलनामा **उल्लेखनीय व्यक्तित्वको प्रादुर्भाव** कमै मात्रामा हुन सक्यो। बहाल बहिलमा कला र बास्तुकलाको साधना निरन्तर साधनमा निरन्तरता रहेतापनि **बुद्ध शासनको धर्म र दर्शनको अध्ययन अध्यापन कमजोर** हुँदै गए।'[2]

यस्तै तथा अन्य कयौं परम्पराको कडिमा नै, 'हिन्दुधर्मलाई मूल धर्म र बौद्ध, जैन र शिख धर्मलाई शाखा धर्म शिद्ध गर्ने प्रयास पनि एउटा हो। संसारको कुनै पनि देशका बौद्धहरूलाई, भारत स्थित प्रायः जैन र शिख धर्मका अनुयायीहरुलाई समेत यो कुरा मान्य छैन। परन्तु नेपालमा यस सिद्धान्तको प्रतिपादनमा थुप्रै पाण्डित्य खर्च गरियो, धार्मिक सहभाव सहचार्यको मोहक भाषामा निक्कै व्याख्या गरियो।'[3]

यस्तो भ्रामक तथ्य र छिमेकी देशहरूमा यस्ले गरेको नकारात्मक असरलाई मध्यनजर गरी विपश्यनाआचार्य श्री सत्यनारायण गोयन्का र कांचीको श्रद्धेय शंकराचार्यको बीचमा १९९९ ऐतिहासिक सम्झौतालाई यहाँ सम्झनु प्राशांगिक हुनेछ, जसअनुसार' कुनै कारणले भूतकालमा बुद्धलाइ विष्णुको अवतार मानी जे जस्तो भएपनि त्यसलाइ भुलेर अव यस्तो मान्यता नबढाउने। ...... वैदिक र बुद्ध–श्रमण परम्परा भारतको पुरानो परम्परा र आ–आफनो स्वतन्त्र अस्तित्व छ। कुनै एक परम्पराबाट अर्कोपरम्परालाई तल माथि देखाउन

1 भिक्षु अश्वघोष, बुद्ध र बुद्ध धर्मको संक्षिप्त परिचय, काठमाण्डौ, धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठी, बु.स. २५३५,पृ.४

2 भिक्षु सुदर्शन, बुद्धको जन्मभूमि नेपालमा बुद्ध धर्म प्रति असहिष्णुता, काठमाण्डौ, धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठी, बु.स. २५३५,पृ.६०,६१

3 पूर्वाक्त पाद टिप्पणी २, पृ.७७

प्रयासबाट एक आपसमा द्वेष, वैमनस्य बढाउने काम हुने भएकोले यस्तो नगर्ने । सत्कर्मद्धारा नै व्यक्तिले समाजमा उच्च स्थान हासिल गर्ने र दुष्कर्मबाट पतन हुन्छ । तसर्थ हरेक व्यक्ति सत्कर्म गरेर तथा काम कोध, मोह, लोभ द्वेष अहंकार आदि असत्कर्म गुणलाई निकालेर समाजमा ठूलो स्थान हासिल गरेर सुख शातिंको अनुभव गर्न सकिन्छ ।’[4]



आज देश समाजको सही विकासकोलागि व्यक्तिहरुमा बास्तविक परिवर्तन आउनु आवश्यक छ ‘बुद्धधर्ममा अन्धविश्वास र कर्मकाण्डलाई कुनै प्रकारको स्थान छैन । हिन्दु कर्मकाण्डबाट बौद्ध युवावर्ग अवश्य टाढा रहनु पर्दछ ...।’[5] समाजमा परिवर्तनको लागि धनीवर्ग तथा गरीबवर्गले ठूलो प्रभाव नपार्ने देखिन्छ । गौतम बुद्धले भन्नुभएको छ, “**धनीवर्ग र गरीबवर्ग दुवैले निर्वाण सुख पाउनु गाह्रो छ**, किनभने धनीवर्गलाई विलासमय अर्थात सखु सुविधायुक्त जीवन प्रिय छ र मानिस त्यसैमा आसक्त भइर हन्छ । पैसा द्धारा पैसा तान्नुमा व्यस्त रहन्छ । जति भए पनि नपुग्ने तृष्णाबाट मुक्त हुन सक्दैन । पैसा कमाउनु र घर बनाउउनु तृष्णा होइन तर आवश्यकता भन्दा बढि पैसा कमाउनु र रातारात करोडपति बन्नु तृष्णा हो । कमाएको धन सदुपयोग नगुर्न तृष्णा हो । पैसा धेरै भएकोले पीर र चिन्ता भइरहन्छ । गरीववर्गको जीवन कहिले पनि आर्थिक चिन्ताबाट मुक्त भएको देखिदैन । अपराधको मूल कारण नै गरिवी हो । **आधारभूत आवश्यकता पूति नभएमा नैतिक जीवन विताउन गाह्ते हुन्छ** ।”6

राजनीतिक परीवर्तनलेमात्र वास्तविक परीवर्तनको अनुभूति नहने भएको ह्दयमगरी आज व्यक्तिहरुले समाज परीवर्तनको बाटो अंगाल्नु पर्दछ । यसकोलगि आफुले आफुलाइ परीवर्तन गर्नु पर्दछ । आफु परीवतर्न कसरी हुने ? यदि आफुले पाप कर्म गरेको छ भने पाप कर्म बन्द गुर्न, पाप कार्य गरेको छैन भने पाप कर्म नगुर्न तथा धर्म कार्य गरेको छैन भने धार्मिक कार्य गर्नु र धर्म कर्म गरेको छ भने धर्म कर्म बढाउदै लानु हो । यस्तो परीवर्तन प्रत्येक व्यक्तिले गर्नु पर्दछ र यही नै बास्तवमा समाज देश को परीवर्तन तथा विकाशको आधारभूत आवश्यकता हो । यस सन्दर्भमा धम्मपदको केही श्लोक(११७ ,११८) राख्नु शान्दर्भिक थान्छु ।

**पापं चे पुरिसो कथिरा–न तं कयिरा पुनप्पनं ।**
**न तम्हि छन्दं कयिराथ–दुक्खो पापस्स उच्चथो ॥**

अर्थः यदि पाप गर्यो भने फेरी पाप नगर्नु , पाप गर्ने इच्छा पनि नगर्नु किन भने पाप सग्रह गर्नु दुःखको मूल कारण हो ।7

**पुञ्‍ञं चे पुरिया कायिरा– कयिराथ’तं पुनप्पनं ।**
**तम्हि छन्दं कयिराथ–सुक्खो पुञ्‍ञस्स उच्चचो ॥**

अर्थ :यदि पुण्य गर्यो भने फेरी फेरी पुण्य गर्नु ! पुण्य गर्ने इच्छा पनि गर्नु । किन भने पुण्य संग्रह गर्नु सुखको मूल कारण हो ।8

तसर्थ देश समाजको परीवर्तन र विकाशकोलागि व्यक्तिको परीवर्तन र त्यसकोलागि समाजमा धार्मिक शिक्षाको पंहुच बनाउनु आजको अपरीहार्य आवश्यकता हो ।

सबैको कल्याण होस ! सबैको मंगल होस !! सबैको भलाई होस !!!

---

4 बालकृष्ण गोयन्का, कल्याणमित्र सत्यनारायण गोयन्का व्यक्तित्व और कृतित्व(हिन्दी),इगतपुरी, विपश्यना विशोधन विन्यास, ई.स. २००२, पृं ५७

5 पूर्वाक्त पाद टिप्पणी १, पृ.२०

6 उही पृं ८शिशिल चित्रकार

7 भिक्षु अमृतानन्द, धम्मपद (नेपालभाषा), ललितपुर, तारा मानन्धर, बु.स.२५५०, पृ.४४

8 उही पृ. ४५

# Five precepts for economic development

● *Triratna Manandhar*
*"Saddhamma Kovida"*



Introduction:

After enlightenment Buddha delivered several discourses for forty five years. The teachings of Buddha can be generally grouped into three divisions as Sila, Samadhi, and Panna. Sila is morality to be practiced by every human being. It is abstaining form unwholesome activity from body and speech. Samadhi is concentrating and purifying the mind which is the main source of all the activities. Panna is the wisdom which is to be developed in order to know the truth of the world as Anicca ( Inpermanence), Dukkha (Suffering of sentient beings) and Anatta ( Soul lessness).

Among three teachings Sila or morality is the first and basic teachings of Buddha. It is taken to be the foundation of all the merits. Buddha usually starts preaching Dhamma from the Dana (offering), Sila( Morality), Nekkhamma( Renunciation) etc. before analyzing the catuarya satya (four noble truth )and paticca samuppada (dependent origination )which is the main teachings of Buddha.

For Laymen Buddha had delivered the teachings of Panca sila (five precepts) and Asta sila (Eight precepts). For Sramanera (Novice) there are Dasa sila (ten precepts) to be observed. For Bhikkhu there are 227 and for Bhikkhuni there are 311 rules and regulations to be observed which is called patimokkha.

Among them Panca sila is taken to be minimum requirement for the laymen to be observed. Panca sila consist of abstaining from five offences as:

Abstaining from killing

Abstaining from stealing

Abstaining from sexual misconduct

Abstaining from telling lie and

Abstaining from indulging into the intoxicants

Generally people consider the teachings of Panca sila is for only development of spirituality and nothing to do with the materialistic development. They are unaware and unable to see its significance for development of materialistic aspect of life. But if we scrutinize its impact one can find it is equally helpful to the development of different aspect as social, political, economical aspect of the life.

Significance of five precepts for better economic life

Now a day economy plays vital role in the world. Economic aspect in the life is taken to be basic aspect and becoming the main subject matter of the daily life. To fulfill basic needs, to make secure life in future one need to have money on his disposal which is possible only by means of economic activities. So people every time think of making money. They try their best to earn money by engaging in different economic activities. They get involve in service, trade, profession and vocation. Now a day people who seem to engage in the political, social, religious field also found engaging in making money. In this way it is seen that not only by economic means but people are also using other than economic means for making money which actually is not proper way of

making money. In course of making money people engage in unethical activities which will produce severe problems in future.

The tendency of earning by hook and crook is creating several problems in the society and world. People are unaware that economic standard can be upgraded also with virtues way of earning that only can be said as the sustainable earning. They think the so called virtues life makes the people far from earning. It is great misunderstanding of people now a day. There are several virtues activities that could raise the economic standard of people.

Among several virtues activities, Panca sila which is the minimum rules that is require to be observed by each Buddhist could contribute for making economic upgrading of individual as well as Economic development of country.

Abstaining from killing

The first precept of Panca sila is abstaining from killing the animals. Generally killing human beings is taken as the great offence in the world. Each and every country has made provision of great punishment for committing such great offense as life imprisonment or death sentence. But animal killing or slaughtering is taken as the common activities. But according to the Buddha's teachings, animal killing also is unwholesome activities that stop the progress of spiritual as well as economic life. Generally animals are slaughtered for meat which is taken to be the nutrient food for the life. But killing to innocent animals for food considering them as the commodity can't be said as rational work from view point of the humanity. One can not accept it as the innocent work for rational being human. In Buddha's teachings, eating meat is generally not taken as the great offence but slaughtering animals is taken to be the heinous offence which could block the development of spirituality. That is one who kills sentient beings could not develop Samadhi (concentration) and panna (wisdom) that only can make the peaceful life. So Buddha had said that human who seek their progress should keep themselves far form killing activities. The killing activities not only stop the spiritual development, it also can retard the economic progress of the life. In the country like Nepal people used to sacrifice animals and birds for different purpose as festivals, rituals etc. Generally at the time of dashain people make sacrifice to the animals in the name of god and goddess. At that time people spent significant amount for killing animals for machines, vehicles considering these equipments will not hamper in production purpose all over the years. However the main object of slaughtering is to get meat for consumption. Family that comprises only 4 members is seen to be slaughtering an animal or birds (hens, ducks etc.). In this way they in spite of expending 100 rupees by purchasing meat from shop spent more than 4/5 thousand in purchasing an animal. So at the time of dashain people are seen expending excess money even by taking loan for observing the festivals specially for spending significant amount in slaughtering the animals. This could make them debtor for long time and eventually left them into penury.  Dashain festival left more poor people indebt ness so people usually compel to utter that dashain hoina dasha aayo (Festival has been come as misfortune to them).

Abstaining from stealing

Abstaining from stealing is second precept of Panca sila. It is not taking the

things of other without their consent. Person who has not ability to earn may steal or takes the things of other with out consent. It also includes taking bribe, cheating and getting something with undue influence. By such activities the person only can survive for short period of time. In long run such type of dishonest and unwholesome behavior badly affects their economic life. Those persons are not trusted by other people. So they may find difficulty in getting help for capital arrangement to start the business. Also because of their stealing and cheating habit they may not employed as the employee in any organization. They may not be trusted due to fear of fraud and misappropriation of goods and cash. Employer hesitates to give them job. In this way in long run they should have to live the life with out economic activity and non prestigious life. Even if the people become able to arrange the money with stealing, cheating, fraud and misappropriations, such money can't utilize properly because of fear and doubt. Such property may extinct quickly with out productivity. In this way it can be concluded that the raising of living standard or economic standard need fair economic activities. The avoidance of second sila of five precepts retards the economic life of a person.

Abstaining from sexual misconduct

Abstaining from sexual misconduct is the third precept in Pancasila. It is abstaining from making sexual relationship with third person. Generally people by not satisfying with wife or husband may seek other partner. The person who seeks other partner for sexual activity has to spend a lot of money that can other wise be used for important activity for him and his family. He may involve in prostitution and make other life partner. Such type of activity disturbs his life mentally, physically and economically. He should have to face conflict in family life and should have to remain in tense situation all time. He may be discarded from society and possibility of imprisonment and penalty. Such person should have to expend significant amount for prostitutes or for new partner. People involving with several partners may have to suffer from the sexual diseases. Now a days the no.1 killer in the world is Aids the treatment of which has not found yet. The person habitual of sexual misconduct may be the medium of spreading those diseases. In this way the people involving in the sexual misconduct may have to lose his health, wealth, time and prestige. A person could not develop their economic activities but accumulated property also gets extinct promptly leaving him penury.

Abstaining from false speech

Abstaining from wrong speech or false speech is the fourth precept in Pancasila. It is maintaining the truth ness in the speech. A person who give-up the truth of speech may do any evil work. There is no evil that a liar cannot do in this world. He can do any type of unwholesome activities. He gives up the honesty, indulge in the unwholesome activity and pretend himself as an honest man. He takes loan but refuse to pay it later saying he has not taken it. Such type of activities makes him far from friends and relatives. He will be not trusted by family, friend and he lose the opportunity of involving in the economic activities because economic activity is generally based on trust. A person who is not trustable could not get job from employer and contract from contractee. Liar may not success in starting trade and business due to failure in getting credit facility due to his habit of false speech.

Similarly he could not expand business due to lack of sufficient working capital.

Regarding the false speech, Buddha had said that:

Ekam dhamman atitassa musawadissa jantuno

Vitinna paralokass natthi papam akariyam.

That means:

There is no evil that cannot be done by the liar, who has transgressed the one law and who is indifferent to a world beyond.

Buddha in paravawa and wasala sutta expressed that a person who in not honest in speech and action get down fall sooner and is treated as out caste.

Abstaining from taking intoxicants

Last precept in Pancasila is abstaining from intoxicants. It is keeping away from different types of intoxicants as liquors, drugs that defects the sense of person. Once a person becomes addict in those types of intoxicants he can't easily come out from it. Rather the consumption goes on increasing as time passes. Eventually their assets began to extinct and could not add more assets since person could not concentrate in the economic activities. Addicts are also promptly attacked by different types of diseases as liver pain, heart problem, and nerve problems etc. that additionally increase their expenditure in treatment. They could not balance their family budget. They used to spend significant amount in the liquor and drugs instead of spending in the daily necessary things as food for family, education for children etc. In this way their living standard goes on retarding. Also the main drawback of intoxicants is it loses the sense of a person that makes incapable to perform the right activities making them worthless. In this way the addicts generally destroy his wealth, health and character. Such people generally may be habitual of making company with wicked person that makes discarded from community also.In this way a person who does no observe five precepts could not live good life. His expenditure goes on increasing compare to his income He cannot perform economic activities due to lack of trust from other. He may be suffered from incurable diseases. He could not develop require skill to get success in economic activities due to lack of lack of alertness and consciousness of mind. In this way the economic development would be far from him.

हार्दिक अनित्यस्मरण

अनिच्चावत संखारा उप्पादवय धम्मिनो
उपज्जित्वा निरूज्भन्ति तेसं वुपसमोसूखो ।



जन्म :
बि.सं. १९९७

दिवंगत :
बि.सं. २०६५/

श्रद्धेय भिक्षु सुगतामुनि महास्थविरको
असामयिक निधन भएकोमा उहाँको सुगति एवं
निर्वाणको कामना गदछौं ।

आनन्दकुटी विहार गुठी परिवार
आनन्द भूमि परिवार
बुद्ध विहार परिवार
अमृत बौद्ध परियत्ति परिवार

# (अनित्य खनेमात्र त्यागवल)

● भिमबहादुर नकर्मी, बलम्बु

बुद्ध जुया बिज्याम शिद्धार्थ राजकुमार खः चत्तुआर्य सत्य ता खने मात्रँ हे बैराग्यः त्याग भावना वल जागृत जुल गुगुखसत्यता भाव ना वसेली ज्ञानमार्ग ज्वगा जकहे ज्ञानया शिक्षा आविष्कार याना बिजासे मानव समुदाय यातगुगुकथे ज्ञानाशिल वीगु । धैगु मन कालापित यानाजकहे मानबपिन्त मनोकाक्षा । यात दुनगले वाला परप्राणि पिन्तअनुसार याय्गहेजक तधीग र्धम ज्वीग ज्ञाक वियाजमहे कल्ल्याण ज्वी धैगु करुणा विली विली, जायुका बुद्धत्वप्राप्तज्वी धुंका थः छम्ह जक सुख शान्ति जुयां मग्गाः धैगु विचा वेका, थासँ थाथ् विज्याना ज्ञान शिक्षा विया विज्यात ! न्हापां हे मानव सभाजय् छुजुयाच्वन धैगु सीका अज्ञान्ताँ याना दुख सिया चवँगु सीका विज्यासे, थथ ल्वाय्गु मखंक काय् मिलेजु पिन्त फायूगु पाप धैगु हे छुखः धका मसिया हे दुख भोग यानाच्वंगु खंका असभ्यता पीं-शिलमदुपी र्संगत मदुपी याय् त्यो मत्यो धैगुहे मसीका च्वँपी खना हे जकः करुणा तषः ज्ञानवीतः प्रशन याना विज्यात भ्रीगू छुँ वस्तु धन माल खुया यंकुसा नुग स्याई की मस्याई : भ्रीगु जीवने घाःजुसा स्याई की मस्याई धका प्रशन यासे भ्रीगु जीवने पहिले ज्ञान माः थत स्याः थे करपीन्त नँ अथेहे स्याई कपिंगु मखंक काया हल्की उयानं नुग स्याई धका सीका मका गुः सुईतँ मस्यागुः थ्व सीकेगु हे ज्ञान मार्ग धाई : करपीं गु चिज खुया गवलें मकाय्गु प्राणि पिन्त गवलें मस्याय्गु सुईगुँ छुखँ बुखँ मल्हाय्गुः धका ध्वापुईत कना विज्यातः बुद्धँ कना विज्याथें सकल मानव पिन्त उपदेश यिबा सकल यात बोद्धयाना विज्यात थौतक बुद्धहे ज्ञानी बुद्ध हे ध्यानी बुद्धथें जाम्ह जगत थौंतक सुन खनि मखुनी ओसपोल कना विज्याथेंः बुद्ध या ज्ञान थौकने  शहार गााँमय् सारा गासँ थाथ् बुद्ध धर्मया चर्चा आविधकार जुया वैच्वंगु दुः बुद्ध हे ज्ञानी बुद्ध या उपदेशयात माने यांच्वग दु । बुद्ध धर्म पालन याना च्वंगु दुः न्हापा थें हिंसा याय्गु ली यक्को यक्वो हे म्हजुगु खनेदुः राग,द्वेष दतले शान्ति गवलें दैमखु । लोभ याना हे मनयात स्यंका वीगुः तृष्णा हे भ्रीत सालायंका तगागु गाले कोफना वी ग्हाँवे मपञय्का चवने माली: भ्रीयानागु पापं याना जन्ममरणया चक्रे लाका चाचाहीलादुख भोग याना च्वनेमालीगु कारण याना भ्रीपीं सचेजुईमाला । धर्मम्हसिके माल धका बुद्धँ पञ्चशील या ज्ञान कना विज्यातः मानव सकल सिन पालन यायुमागु धर्म ख बुद्ध धर्म । धर्मयापूसा प्यूसा जक भिंगू फल दैः पाप याना गवलेंनं भिंगु फल दैकखु पित्याम्ह यात नयेगु बीगुः भिक्षु श्रवण पिन्त दान वीगु । पर उपकारी ज्वीगु न्हयावलें श्रद्धा दय्का ज्वीगु हे धर्म धका धाई गथ्यखः खनेगुः भ्रीसँ कनिःछोः वा पिना यक्को यक्को सयका नया च्वंगु सारम्सा कासाँ गाः पाप धर्मया फलनं थथ्य खू धैगुज्ञान सिका पाप कर्मगवले मयायगु भर्म कर्म याय्त न्हचोचिला ज्वीगु । मखुः खँल्हायूगुः करपीन्त दुख ज्वीगु ज्या गवलें मयागु अनित्य खंका च्वनेगु सीकानी धैगु लुमंका च्वनेगुः पाप याना छग्य् कुविचा वनेगुः विचायाना स्वत धासा भ्री मनुष्यजन्म अतिक दुर्लवगुख । अमूल्य जीवन कया वयानं

photo

हान दुर्गती छाय् वनेगु धैगु सीका: पापं वचेज्वी फय्केमा: दानधर्मसेवा धर्म यायुगुहे धनजन पूर्ण म्ह ज्ञानगूण युक्त म्ह जुया जन्मज्वीगु हे: कल्याण ख: सिक सिकँ नर्कया गा:त्वे वनेगु भ्फीगु कर्तव्यमखु । जन्म मर्ण ज्वीम्वायुक धर्म कर्म याय् फसा ला छुँहे खँ मंत, जन्म मर्ण जुया संसार चक्रे चाहीला च्वनेमाली धैगु सिका जन्म जन्मे हे दु:खज्वी गु कर्म ज्वनेमाली धैगु सिका जन्म जन्मे हे दुखज्वी गु कर्म व्वनावने मजील अथेयाकारणे धर्म याय्माल धर्म धैगु हे छुले धासा सकल यात फुताय्तक सेवा याय्गु । नयत्वनेगु पुनेगु ईत्यादी वस्तु मदुपीन्त श्रद्धादय्का दान यायूगु दान धैगुहे सुख या साधना ख । जन्म जू थाय् तक्ले सकल या योम्ह जुया धनवान म्ह जुया परिपूर्ण जुया: सरिर निरोगीम्ह जुया जन्म काय्गु भ्फीगु कतृव्य ख । सुखशान्ति देकेगु हे: कर्पिपं मकाय्यु नुग स्याक परनिन्दा मयागु: प्राणि हिंसा मयाय्गु जीवनदतले श्रद्धादान पूण्य याय्गु जीवन दतले शील पालन पालन याय्गु बुद्ध केना बिज्या गु धर्म शिक्षा यात मनन् याय्गु सतधर्म सतमार्ग ज्वनेगु हे कल्लायाण ज्वी, धका बुद्धँ उपदेश बिया विज्यागुख । कारगु वचन: करपिंगु नुगले घा: ज्वी । सँखाय्गे खोचा समान, ख धका सीका: नापूगु वचन खँल्हाय्गु खोचाँ भच्च: उखे थुखे जुईवँ घा: ज्वी वथे वचन ल्वापू सीर्जना ज्वी अय्जुया कारण: परनिन्दा मयागु छागु वचन मल्हाय्गु सकल नाप मिलेजुया शान्ति च्वँने सय्केगु: सुख साधना ख घा:जुम्ह यात वास विया लाय्गु: धर्म: खोचा घा जुथें स्यागु वचन ल्हाय् गु पाप ख । ज्ञान दान महादान ख । सुईतँ ज्ञानकना मखुगु लयँ वने त्योंम्ह यात: सतमार्ग केनेगु हे धर्मख ।

छम्ह ज्ञान दुम्ह बुद्ध उपासकँ : छम्ह संतान सूई मदुम्ह सम्पति यक्को हे दुम्ह साहु छम्ह दु: व साहुया दाँदक्कोहे त्याय् बिया ब्याज कया नय्गु आसाँ याना तस्तँ हे दुखसीया च्वन: गुम्हख साहुयात धाल साहुजु छी न्हिथँ तुचीतुची गनजक भ्फायागु: त्यानु मजुला धका न्योनँ । साहु नं धाल त्यानुयाँ छुया: न्हिस्वद्यु वनाहे कने वी कँस वी धका उलीमछी आसामी तय् सँ नब्याज बिल नत सामाहे बिल जित हैरान याय् धुकंल आछुया । आछुया मखु साहुजी धर्म धैगु म्हसिके माल ।

छिगु सम्पति आसामीया: ल्हातय् लाय् धुंकल छिगु मने न्हयावले दुख: न्हिन्हिथँ गवले गुर्ख गवले उखे जूजूँ हे छिगुजीवन फुई । आऊथेमखु जिछँगु धायू न्यना दिसँ: धर्म विना भ्फीपीं तरे ज्वी फैमखु । अथेयाकारणे: छनु: भिंगुदिन लाका भन्ते छम्ह जलपान भोजन धका । निमन्त्रना याना दिसँ, आसीमा सकसितँ: उगुहे दिने सकलेंसतादिसँ सकलें जम्माज्वी सकसित जलपान याका दिसँ अले सकसियागु तमसुक । न्हवेने हया: आसकसिया दाँन जित पुल्य हेम्वाल, थौनिस्यँ भ्फीगु कारोवार चुक्ता जूल धका तमसुभों खुना मोछोयूको विया दिसँ । छित दुख मजुल आसीन फुकसिनं साहुया जयज्वीमा धका सुवानं वी भ्फीसँ त्याग याना वनेफत धासाजक भ्फीत दै नापँ ज्वना वनेगु ज्वी काय्गु दनी: बीमाग..ल धका धन्ना सुर्ता काकाँ भ्फी सीना वनी नाप ज्वना वनेगु धका दैमखु दान याना वनागु जक हे थम्ह नापँयंके दै धका उपासकं कँथें सकसित सता भन्ते बोना जलपान भाजन याका: दान पूण्य याना सत्य या मार्ग ज्वना ध..... जीत बाँलागु लँकेनाबिल धका साहु खुसीजुया: छुं लिपा दान पूण्य यायाँ: हे आनन्द पूर्वकँ स्वर्गर ोहजुया वन: भिंगु खँ धैगु कनेनंमा नेनेनंमा: मस मसिका च्वन धासा तस्कँ दुख सीया च्वने माली: भन्ते ने नं साधु वाद विया पुण्यानुमोदन याका थम्ह यानागु पुण्य सकल यात वनेमा धका कोचायेकाल ।

भवतु सब्ब मङ्गलं

# बौद्ध मित्रराष्ट्र थाइल्याण्डमा नेपालीहरू

– भिक्षु पञ्ञामूर्ति हाल बैंकक

photo

हुन त प्रायःजसो विश्वका मानव आदिसमय देखि बिभिन्न बहानामा देशान्तर भएको देखिन्छ तापनि दोस्रो विश्वयुद्धमा त बिभिन्न देशका सेनाहरू दोस्रो विश्वयुद्धको क्रममा बिभिन्न देशमा पुगी युद्ध गरेको र युद्ध समाप्ति पश्चात् कोही कोही त जहा आफू युद्धरत थियो ती देशहरूमा नै बसोबास गरेको देखिन्छ। दोस्रो विश्वयुद्ध पश्चात् बिभिन्न वहानामा वा बाध्यतामा बिभिन्न देशका वासिन्दाहरू देशान्तर भएको तथ्य हामीसामू अद्यावधि ताजै छ। आजकल भने अर्थ आर्जनको लागि विदेशीनेहरूको संख्या बढ्दो छ।

यसै सिलसिलामा दोस्रो बिश्वयुद्धताका नेपालीहरू पनि ब्रिटिश सेनामा भर्तिभई बिभिन्न देशमा गई आफ्नो वीरता देखाएर विश्वभर वीर गोर्खालीको रूपमा नाम कमाएर प्रख्यात भएको त छदैं छ तापनि ती विदेशीएका नेपाली गोर्खालीहरू सबैभने स्वदेश अर्थात् नेपाल भने फर्किएको थिएन । जस्तै हङ्गङ, सिंगापुर, मकाऊ र बर्मा इत्यादि देशहरूमा दोस्रो विश्वयुद्ध पश्चात् हाम्रा वीर गोर्खालीहरू बसोवास गर्दै आइरहेको कुरा निर्विवाद छ ।

प्रायः धेरैजसो वीर गोर्खाली सेनाहरू जहा जहा युद्धरत थिए त्यहीं त्यहीं नै युद्धको समाप्ति सूग सूगै ती ती देशहरूमा नै बसोवास गर्न विवश भएको थियो भने थोरै मात्रामा स्वेच्छाले ती देशमा वसोवास गरेको देखिन्छ । जे जस्तो भएतापनि यहा उठाउन खोजिएको केवल बौद्ध मित्रराष्ट्र थाइल्याण्डको हो। अतः यहा तीन थरिका नेपालीहरू बसोवास गर्दछन् ।

१. दोस्रो बिश्वयुद्ध पश्चात् यहिं वास गरेकाहरू

२. नेपालबाट सीधैं यहा आई बसोबास गरेकाहरू र

३. बर्माबाट थाइल्याण्ड प्रवेश गरी बसोवास गरेकाहरू

दोस्रो विश्वयुद्ध पश्चात् सीधै थाइल्याण्डमा बसोबास गरेकाहरू थाइल्याण्डको कञ्चनबुरी भन्ने जिल्लाको पिलोके भन्ने गाउमा भेट्न सकिन्छ। जहा नेपालीहरूको सानो गाउ नै बनिसकेको छ । यीनीहरूलाई त्यहाको गाउको नाम पीलोकेबाट चिनिन्छ भने यीनीहरूको पहिलो पुस्ता दोस्रो विश्वयुद्ध पश्चात् सीधै बर्माबाट यस ठाउमा आएको देखिन्छ। तसर्थ यीनीहरू बर्मेली नेपाली भनेर आफ्ना पहिचान बनाउनु वा चिनाउनु भन्दा पनि पीलोके भनेर चिनाउन रुचाउनु हुन्छ। जे जसो भएतापनि यीनीहरूकोबारे अझ अध्ययन गर्न बाकी नै छ ।

नेपालबाट सीधै थाइल्याण्ड आइ बसेकाहरू चाहिं आफ्नो अध्ययन तथा व्यापारको लागि आएकाहरू देखिन्छन् । तर यस लेख लेख्नुको मनसाय भने बर्माबाट थाइल्याण्ड आइ बसेका नेपालीहरूकोबारे लेख्नु हो ।

दोस्रो विश्वयुद्ध पश्चात् वीर नेपाली गोर्खालीहरू बर्मामा पनि पुगेको थियो र युद्धपश्चात् स्वदेश फर्किने क-कसैको मनसाय थियो त क-कसैको थिएन र बाध्यतावश पनि सो देशमा नै बस्नु परेको थियो किनकी युद्ध समाप्तिको घोषणा सूग सूगै साधन र स्रोतको अभावमा ती देशमा नै बस्नु बाहेक अन्य विकल्प ती सेनाहरूमा थिएन। अतः बर्मामा नै बसोबास गरेका नेपाली गोर्खालीहरूको सानो नेपाली गाउ मुगु, मिचिना, म्ये म्येऊ तथा ताऊजीमा नेपालीहरूको बाहुल्यता रहेको कुरा बर्माबाट आएका नेपालीहरूले बताउने गर्छन्। प्रायःजसो धेरै नेपालीहरूको आफ्नौ हीरामोतीको खानी रहेको र त्यसबाट हीरामोती केलाएर व्यापार गर्ने गरेको थियो भने कोही कोही खेतीपाति, सरकारी तथा साधारण नोकरी काम गर्ने गरेको देखियो । जो नोकरी गर्दा पनि अपुग थियो ती धेरैजसो पुनः बिदेशीएका थिए अर्थात् अर्थ उपार्जनको लागि कामको खोजीमा सीधै छिमेकी बौद्ध मित्रराष्ट्र थाइल्याण्ड भित्रिएका थिए । बर्मामा सैनिक शासन लागू भएपश्चात् भने आफ्नो हीरामोतीको खानी तथा व्यापार व्यवसाय भएकाहरू समेत बाध्य भई थाइल्याण्ड पलायन भएका थिए साथै यसको ओइरो नै लाग्न थाल्यो । कोही कोही त सरणार्थीको रूपमा थाइल्याण्डमा बसोबास गर्न थाल्यो। जे जसो भएपनि नेपालीहरू आजकल थाइल्याण्डका विभिन्न शहर तथा क्षेत्रमा छरिएर रहेको देख्न र भेट्न सक्छौं ।

भेटघाट कार्यक्रम :

बर्माबाट आएका नेपालीहरू यहा बर्मेली नेपालीबाट परिचित छन् । यीनीहरू थाइल्याण्डको विभिन्न शहर तथा क्षेत्रमा जस्तै बैंकक, पुकेट, चियङमाई इत्यादि शहरहरूमा छरिएर रहेको देख्न सकिन्छ भने पुकेटमा त यीनीहरूले सानो कोठा भाडामा लिएर भेटघाट कार्यक्रम नै सञ्चालन गर्दै आइरहेको देखिन्छ । यीनीहरू बैककमा भने बर्मेलीहरू सूग

मिलेर बैकक स्थित वाटमहाधात विहारमा महिनाको पहिलो साताको आइतबारका दिन बर्मेली तथा थाइ भिक्षुहरूको समुपस्थितिमा बौद्ध कार्यक्रम सञ्चालन गर्दै भेटघाट गर्ने कार्यक्रम संचालन गर्दै आइरहेको छ । जसमा भिक्षुसंघलाई भोजन तथा दानवस्तुहरू दान गर्ने, उपस्थित दाताहरूको भोजन पश्चात् भिक्षुसंघबाट परित्राण तथा धर्मदेशना श्रवण इत्यादि बौद्ध कार्यक्रम गर्दोरहे छ। सो कार्यक्रमबाट सर्वप्रथम शीला राई उपासिका प्रसन्न हुनुभई त्यसकै देखासिकि गरेर नेपालीहरूको पनि महिनाको एकचोटी भेटघाट गर्ने परि कल्पना गरियो भने त्यसको लागि उपयुक्त जग्गा वा ठाउँको लागि थाइल्याण्डका श्रद्धेय संघराज भन्ते बस्नु हुने वाटबवर निवेस विहारवासि नेपाली भिक्षु सुगन्ध महास्थविर तथा भिक्षु विपस्सीलाई भेट्न २००४।०२।२२ तारीखका दिन भिक्षु सुजनको नेतृत्वमा उपासकहरू सागर लामा, गोपाल लामा, किशोर र ाई, तथा यस कार्यक्रमका परिकल्पनाकार उपासिका शीला र ाईसमेतका टोली वाटबवरनिवेस विहार पुग्नुभयो । त्यहा भिक्षु सुगन्ध महास्थविर तथा भिक्षु विपस्सीलाई भेटी वहाहरूसग छलफल गरी ठाउँको लागि अनुमति माग्नु भयो । वहाहरूले पनि सन्तोषपूर्वक ठाउ उपलब्ध गराइदिनु भई कार्यक्रम संचालनको लागि अनुमति प्रदान गर्नुभयो । त्यस दिनदेखि प्रत्येक महिनाको तेस्रो आइतबारका दिन त्यस विहारमा भेला भई नेपाली भिक्षुहरूको समुपस्थितिमा बौद्ध कार्यक्रम गर्दै बर्मेली नेपालीहरूको जमघट हुने क्रम शुरू भयो । जसमा भिक्षुसंघलाई भोजन तथा अन्य वस्तुहरू दान गर्ने र उपस्थित दाताहरूको भोजन पश्चात् भिक्षुसंघबाट परित्राण तथा धर्मदेशना श्रवण गर्ने कार्यक्रम संचालन हुदै आइरहेको छ । जुन हाल पनि यथारूपमा संचालन हुदै आइरहेको छ। सो कार्यक्रमको दौरानमा "थाइ-नेपाल बौद्ध समाज" नामक संस्था अनौपचारि क रूपमा गठन गरियो भने उक्त संस्थामार्फत् दाताहरूका माझ बौद्ध हाजिरी जवाफ प्रतियोगिता कार्यक्रम भिक्षु पञ्ञामूर्तिको संयोजकत्वमा, भिक्षु सुजन, खेमिक तथा अन्य नेपाली भिक्षु, श्रामणेरहरूको सहयोगमा संचालन गरी प्रथम, दोस्रो, तथा तेस्रो हुनेहरूलाई क्रमशः स्वयम्भू चैत्य, नेपाली ढलौटको बुद्धमूर्ति तथा प्रतियोगितामा सहभागी भएकाहरूलाई शान्त्वना पुरस्कारका रूपमा लुम्बिनीको फोटो भएको फ्रेम वाटबवरनिवेस विहार निवासी श्रद्धेय भिक्षु चौखुनराज फ्रा. ब्रम्हमुनिको बाहुलीबाट प्रदान गरियो साथै बिभिन्न बौद्ध विद्वानहरूको स्वागत गर्ने क्रममा नेपालका राजदूत तार ाबहादुर थापाको पनि स्वागत गर्नुका साथै वहासमक्ष बर्मेली नेपालीहरूले थाइल्याण्डमा भोग्नुपरेका समसामयिक समस्या राखिएको थियो ।

थाइ नेपाल बौद्ध समाजको तत्वावधानमा भिक्षु पञ्ञामूर्ति तथा भिक्षु सुजनको संयोजकत्वमा अंग्रेजी क्यालेण्डर २००५ नेपाली पौवाचित्रको भवचक्र राखी प्रकाशित गर्न सफल भयौ भने दोस्रोपल्ट भिक्षु पञ्ञामूर्तिको संयोजकत्वमा नेपाली क्यालेण्डर २०६३ को नेपाली आइमाईको अनित्यको फोटो र ाखी प्रकाशित गर्न सफल भयौं । जसको लागि अष्टमुनि गुभाजूले नेपालदेखि सहयोग गर्नुभएको थियो ।

थाइल्याण्डमा बसोबास गर्ने सबै बौद्ध-अबौद्ध नेपालीहरूको लागि "थाइ-नेपाली समाज" नामबाट २००७ जनवरी ७ तारीखमा औपचारिक रूपमा स्थापना हुनुका साथै यस संस्थाको आफ्नौ भवनको रूपमा जग हाल्ने सुभकार्य पनि सोहि दिन सम्पन्न भयो। २००७ मई २७ तारीखका दिन शान्तिभवनको रूपमा विधिपूर्वक सो भवनको उद्‌घाटन गर्नेकार्य भिक्षुसंघबाट सुसम्पन्न गरियो। त्यस दिनदेखि प्रत्येक महिनाको दोस्रो साताको आइतबारका दिन यस शान्तिभवनमा नेपाली भिक्षुसंघको समुपस्थितिमा नेपाली जम्काभेट हुने कार्यक्रम संचालन हुदै आइरहेको छ। हाल यस भवनमा नेपालीहरूको विभिन्न कार्यक्रम संचालन हुदै आइरहेको छ ।

यस थाइ नेपाल समाजको तत्वावधान तथा सहयोगमा २००७ डिसेम्बर ५ तारीखका दिन कञ्चनबुरीको पिलोक भन्ने गाउ भित्रजाने मुख्यद्वारमा थाइनरेश पूजनीय भूमिबल अदुल्यादेचज्यूको ८० औं जन्मोत्सवको उपलक्ष्यमा थाइ राजा तथा रानीको ठूलो फोटो स्थापना गर्नुका साथै भिक्षुसंघलाई दानप्रदान कार्य पनि सम्पन्न गरेको थियो। सो दिन साझपख शान्ति दीप प्रज्ज्वलन गरी थाइ राजा रानीप्रति आफ्नो श्रद्धा अर्पण गरेका थिए । सो कार्यक्रममा त्यस क्षेत्रका प्रतिष्ठित महानुभावहरू, प्रहरी तथा सैनिक परिवारहरू पनि सहभागि भएका थिए। यस थाइ नेपाल समाजले पिलोक गाउको विहार मा जाने बाटो निर्माण कार्यमा सक्रिय सहयोग गरेका थिए।

यस बर्मेली नेपालीहरूको भेटघाट कार्यक्रमले गर्दा नेपालदेखि थाइल्याण्डमा आउनुभई बौद्धधर्मको अध्ययन गर िरहेका नेपाली भिक्षु श्रामणेरहरूलाई मात्र नभई बर्मादेखि यहा आउनु हुने बर्मेली भिक्षुहरूको लागि पनि केही मात्रामा सहयोग भइरहेको यस लेखकले महसूश गरेको छ ।

यस कार्यक्रममा विभिन्न बौद्ध विद्वानहरूबाट धर्मदेशना हुनुका साथै नेपाल तथा बर्माबाट पाल्नुहुने भिक्षुहरूबाट पनि देशना हुने गर्दछ भने बौद्ध विद्वानहरूको स्वागत गरिने कार्यक्रम

पनि रहूदै आएको छ। यीनीहरू बौद्ध राष्ट्रमा हुर्किएको हुनाले पनि यी बर्मेली नेपालीहरूमा धेरैजसो बौद्ध स्वभाव तथा र हनसहन देख्न सकिन्छ भने जातिय भावना गौण भई हामी "नेपाली" भन्ने भावनाले ओतप्रोत भएको देखिन्छ। बिभिन्न जातजातका नेपालीहरू एकआपसमा मिलेर बसेका छन् यहा् । यीनीहरूमा छूत–अछूत वा जातीय भावना भनेको लेशमात्र पनि पाईन्न। सबै एकजूट भई एकआपसमा मिलेर सहयोगका साथ बसेको देख्न सकिन्छ। जसले गर्दा नेपालमा प्रचलित चारवर्ण छत्तीस जातको सा्चैको फूलबारीको प्रतिनिधित्व यीनीहरूले गरेको देख्न सकिन्छ। हुन त यीनीहरू बर्मेली नागरीक हुनुका साथै छैठौं वा सातौं पुस्ताका हुन्। यीनीहरू नेपाली भाषाभन्दा पनि बर्मेली भाषा, संस्कृति, धर्म, चाडपर्व तथा बर्मेली रहनसहन इत्यादिमा अत्यन्तै पोख्त छन्। तर पनि आफूहरूलाई नेपाली भनेर चिनाउनुमा नै गौरव गर्छन् यीनीहरू।

प्रायः जसो नेपालको चाडपर्व पनि मनाउूदै आइरहेका छन् यीनीहरूले। जब की नेपाल नाउूको देश छ भन्ने मात्र सुनेका यी प्रवासी नेपालीहरूले नेपालको रहन सहन, भेषभूषा, कला, संस्कृति, नृत्य, तथा गीतसंगीत सुन्न र नेपाली भाषा सकेसम्म सिक्न र बोल्न रुचाउनु हुन्छ यीनीहरू। जुन देख्दा हामी नेपालदेखि आएका प्रायः जसो अचम्मित हुने गर्दछौं। हुन त यीनीहरूले नेपालदेखि आएका भिक्षु श्रामणेरहरूको सम्पर्कबाट तथा धर्मदेशनाबाट आफ्नो नेपाली भाषामा धेरै सुधार गरेको देखिन्छ तापनि भाषाको प्रयोग गर्ने ठाउू भने सीमित रहेको देखिन्छ। तसर्थ हामी नेपालका नेपालीहरूले पनि यीनीहरूबाट राष्ट्रियभावना तथा हामी सबै नेपालआमाका सन्तान नेपाली हौं र एउटै फूलबारीका फूल हौं भन्ने भावना जगाउन यीनीहरूबाट केही सिक्ने कि ?

यस संस्थाको ठेगाना www. Thai-nepalese.org, info@thai-nepalese.org

# निमन्त्रणा

दि. श्रद्धेय भिक्षु अमृतनन्द महास्थविरको ......औं पुण्य तिथिको उपलक्ष्मा भिक्षु संघ तथा अनागरिका संग लाई जलपान तथा भोजन दान दिन लागेको उक्त कार्यक्रममा सहभागि हुन निमन्त्रणा गरिन्छ।
आनन्दकुटि विहार गुठी परिवार

# आनन्द कुटि विहारमा बुद्ध पुजा सम्पन्न

३ श्रावण,

आषाढ पुणिमाका अवसरमा आनन्दकुटि विहारमा बुद्धपुजा,धर्मदेशना सम्पन्न भयो विहार प्रमुख आचार्य भिक्षु कुमार काश्यप महास्थविरले बुद्धपुजा तथा पञ्चशिल प्रदान गर्नु भएको उक्तकार्य क्रममा भिक्षु पियदस्सी बाट वर्षावास र यसको महत्वबारे धर्मदशना गर्नु भएको थियो ।

ज्ञानमाला भजन बाट सुरु भएको सो कार्यक्रममा दिवंगत न्हुछे नारायणको सम्झनामा श्रीमती केसरी बज्राचार्य तथा सपरिवार बाट जलपान तथा भोजन दान दिनु भएको थियो ।

# अहंकारी ब्राम्हण

प्रस्तुति : भिक्षु उत्तम

भगवान् बुद्धको समयमा मानत्थद्ध (अहंकारी ) भन्ने ब्राम्हण थियो। जो श्रावस्तीमा बस्थ्यो। उनी घमण्डी हुनाले आमा, बुबा आचार्य दाजुहरु कसैलाई पनि आदर गर्दैनथ्यो। एक समय भगवान् धैरै भिक्षुहरुका बीच बसी उपदेश गर्दै हुनुहुन्थ्यो ।




यति विचार गरि त्यो ब्राम्हण जहाँ भगवान् बुद्ध हुनुहुन्थ्यो त्यहाँ गई एक ठाउँमा उभिरहे। आफुसंग नबोलेको देखेर यो गौतमलाई केहि थाहा छैन भनी त्यहाँबाट फर्किन लागे। भगवान्ले उसको मनको कुरा थाहा पाउनु भई यसरी भन्नु भयो ।




भगवान् बुद्धको अप्रत्यासित वचनले ब्राम्हणको साट्टोपुट्लो उड्यो ।



त्यसपछि डराई ती ब्राम्हण भगवान् कहाँ गई उहाँको चरणकमलमा ढोगी म्वाई खाई, हातलेपनि सुम्सुम्याई आफ्नो नाम बताए । आमा बुवा, आचार्य, दाजु कसैलाई अभिवादन नगर्ने ती ब्राम्हणले बुद्धलाई वन्दना गरेको देखेर सबै आश्चर्यचकित भए । त्यस पछि उनले भगवान्संग विनम्र भई प्रश्न सोधे ।




उत्तरमा भगवान्ले भन्नु भयो ।




भगवान्का यी उपदेश सुनी ती घमण्डी ब्राम्हणले भगवानसंग यसरी प्रार्थना गरे ।

